जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १३, २०७७ साल मंसिर २६ गते शुक्रबार, नेपाल संवत् ११४१ (Dec. 11, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भारतीयहरूको ज्यादती फेरि बढ्यो

काठमाडौं । पटक पटक नेपालको सीमा क्षेत्रमा बलमिच्याइँ र दादागिरी देखाउँदै आएको भारतीय सुरक्षाकर्मीले फेरि पश्चिम नवलपरासीको प्रतापपुर-६ कठहवामा कल्भर्ट निर्माण गर्दा अवरोध गरेका छन् ।

हुलाकी सडक विस्तारको क्रममा दशगजा नजिक निर्माणाधिन कल्भर्टमा भारतीय अर्धसैनिक बल एसएसबीले नेपालले सुरु गरेको कल्भर्ट निर्माण कार्यलाई अवरोध पुऱ्याएको हो । **बाँकी ८ पेजमा**

## भजपा नेता विजय काठमाडौंमा

काठमाडौं । भारतीय विदेश सचिव नेपालको भ्रमण सम्पन्न गरेर फर्केको दुई हप्ता बित्न नपाउँदै भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवाले नेपाल भ्रमणमा आएका छन् ।

उनले हिजो प्रधानमन्त्री केपी शर्मा ओलीसँग शिष्टाचार भेट गरे । प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार राजन भट्टराईका अनुसार दुई देशको बीचमा जनस्तरमा रहेको सम्बन्धलाई सुदृढ बनाउने विषयमा कुराकानी भएको छ ।

# स्थिर सरकार अस्थिर राजनीति

काठमाडौं । कोरोना संक्रमणको कहरले मुलुकको अवस्था चिन्ताजनक छ । आम नागरिकहरू भयग्रस्त मानसिकताले विह्वल छन् । संक्रमित मानिसहरू भेन्टिलेटर अभावमा मृत्युवरण गर्न बाध्य छन् । विश्वलाई नै आतंकित पारिरहेको कोरोना संक्रमणले नेपाललाई पनि थला पारिसकेको छ । लाखौं मानिसहरूको रोजीरोटी खोसिएको छ । उद्योगधन्दा व्यापार व्यवसाय सबै ठप्प प्रायः छन् । कोरोना महामारीकै बीचमा हजारौं नेपालीहरू हातमुख जोर्नका लागि मुग्लान भासिइरहेका छन् । देशमा रोजगारीको कुनै अवसर छैन । भोका नांगा जनताप्रति कथित सर्वहारावादी कम्युनिस्ट सरकार अलिकति पनि संवेदनशील छैन । बरु यही कोरोना महामारीको समयलाई सरकारमा बस्नेहरूले कमाउको अवसर बनाएका छन् । औषधि आयातमा भएको भ्रष्टाचारको छानबिन गर्न सरकार उदासिन छ । भ्रष्टाचार अनुसन्धान गर्ने अख्तियार पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्ट नेता र दलहरूको बन्धक बनेको छ । पूर्व विशिष्ट कर्मचारीहरूको क्लबजस्तो अख्तियारबाट भ्रष्टाचारीलाई कारबाही गरिने आाश नागरिकहरूले गर्न छोडिसकेका छन् । कुशासन, भ्रष्टाचार, दलीय यथास्थितिलाई चिर्न सरकार असफल भएकाले जनता जनार्दन फेरि विकल्पको खोजी गर्दै सडकमा उत्रन थालेका छन् ।

विश्वका नेताहरू कोरोना संक्रमणबाट नागरिकहरूलाई कसरी बचाउने ? लकडाउनले ध्वस्त भएको अर्थतन्त्रलाई कसरी लयमा फर्काउने ? कोरोना महामारीपछिको भविष्य कस्तो रहने जस्ता अहं विषयहरूमा छलफल र विचारविमर्श गरिरहँदा प्रधानमन्त्री केपी ओली लामो समयदेखि सिंहदरबार नै छिरेका छैनन् । कोरोना महामारीबाट जनतालाई बचाउने विषय सरकार र अन्य राजनीतिक दलहरूको छलफलको अजेन्डा नै बनेको छैन । निकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सचिवालय बैठकमा पेस गरेको १९ बुँदे प्रस्तावको ३८ बुँदे पत्र क्षेप्यास्त्रको रुपमा जवाफी हमला गर्दै बहुमत र अल्पमतको गणितीय हिसाबमा



प्रधानमन्त्री लागेका छन् । बालुवाटार, खुमलटार, कोटेश्वरमा गुटका भेलाहरू चलिरहेका छन् । तर नीति निर्माण गर्ने सार्वभौम संसदको अधिवेशन अझै बोलाइएको छैन । कोरोना महामारीबीच अमेरिकामा राष्ट्रपतीय निर्वाचन सम्पन्न भयो । भारतले विहारमा विधानसभाको चुनाव गरायो तर सरकार कोरोना संक्रमणलाई कारण देखाउँदै संसद अधिवेशन डाक्न अझै अनिच्छुक देखिएको छ । जनताको प्रतिनिधित्व गर्ने सार्वभौम थलो संसदलाई गुटको राजनीतिसँग जोडेर नाफाघाटा आँकलन गरी लामो समय बन्दी बनाइनु आफैंमा विडम्बनापूर्ण छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२० को करप्सन पर्सेप्सन इन्डेक्समा १८० देशमध्ये नेपाल ११३ औं स्थानमा परेको देखाएको छ । यसले देशमा भ्रष्टाचार बढेको र सुशासन घटेको प्रस्ट हुन्छ । तर सरकारले विधिको शासनको उपहास गर्दै प्रतिवेदन नमान्ने बतायो । आफैंले लेखेको संविधान नमान्ने, अदालतको आदेश नमान्ने, अन्तर्राष्ट्रिय प्रतिवेदन नमान्ने सरकार स्वेच्छाचारी र अधिनायकवादी बन्दै गएको प्रतीत हुन्छ । लोकतन्त्रमा विधिको शासन हुन्छ । विपक्षी दलहरूको आवाजलाई सुन्ने गरिन्छ । तर आफ्नो प्रशंसा गर्नेबाहेक अरुलाई निषेध गरेर अघि बढ्ने सरकारको निरंकुश शैलीकै कारण २०६२।०६३ को वसन्त आन्दोलनको उपलब्धि नै गुम्ने अवस्था आउने संकेत देखिन थालेको छ । दुईतिहाई नजिकको जनादेश प्राप्त नेकपाको सरकारप्रति जनआक्रोश बढ्दै गएको छ । कोरोना संक्रमणलाई मध्यनजर गरेर जनताको उपचार र स्वास्थ्य सुरक्षामा सरकार लागेर अभिभावकीय दायित्व निर्वाह गर्नुपर्नेमा प्रधानमन्त्री आफ्नो कुर्सीको बचाउमै एक वर्षदेखि लागिरहेका छन् । नेकपाभित्रको शक्ति संघर्षका कारण मुलुकको विकास र समृद्धिको सपना देखेका जनता निराश छन् । गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता नेपाली जनताका आन्दोलनका माग थिएनन् । यद्यपि दलहरूले आयातीत एजेन्डालाई संविधानमा प्रवेश गराए । जनचाहना के हो ? भनेर यी विषयमा जनमत लिने प्रयत्न गरिएन । एक राजाका ठाउँमा हजार राजाहरूलाई जनताले पाल्नु परिरहेको छ । करको मारले थिलथिलो भएका जनता बरु एउटै राजा पाल्ने भन्दै पूर्वराजा ज्ञानेन्द्रको खोजी गर्न थालेको अवस्था छ ।

सरकारको नेतृत्व गरिरहेको नेकपा औपचारिक रुपमा विखण्डन नभए पनि मानसिक रुपमा विखण्डित छ । पूर्वएमाले र पूर्वमाओवादी कित्ता सतहमै देखिएको छ । ०७५ जेठमा यी दुई दलबीच एकता गर्दा सैद्धान्तिक, वैचारिक र राजनीतिक आधार तय गरिएको थिएन । न त अन्य नेता कार्यकर्ता र समर्थकहरूको मनोभाव बुझ्ने कोसिस गरिएको थियो । ओली र प्रचण्डलाई भावी चुनावी नतिजा **बाँकी ८ पेजमा**

## सम्झौता सम्पन्न

काठमाडौं । गत हप्ता सुरेन्द्र ढकाल फाउण्डेसन तथा अपाङ्ग भएका व्यक्तिहरूको सांस्कृतिक समाजबीच एक सम्झौता सम्पन्न भएको छ । सो सम्झौताअनुरुप अपाङ्गता भएका व्यक्तिहरूको लागि सीपमूलक प्रशिक्षण संचालन गर्न आवश्यक पूर्वाधार विकाश गरी नेपाली टोपीलगायत उपहारका लागि आवश्यक मालसमान उत्पादन गर्न लगाइ उनीहरूलाई आत्मनिर्भर बनाउने कार्य संचालन हुने भएको छ । कूल लागत रु १२ लाख भएको सो ओयोजनाको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानले रु २ लाखको




सहयोग गर्ने भएको छ । सहयोग सम्झौता सम्पन्न भएपश्चात प्रथम किस्ता रु एक लाखको चेक प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले समाजका अध्यक्ष सरिता थुलुङलाई हस्तान्तरण गर्नुभयो ।

## लागूपदार्थको सूचीबाट हट्यो गाँजा

काठमाडौं । संयुक्त राष्ट्रसंघीय लागूपदार्थसम्बन्धी आयोग (युएनसीएन्डी) को डिसेम्बर २ मा बसेको बैठकले गाँजामाथिको प्रतिबन्ध फुकुवा गरेको छ । उक्त बैठकमा गाँजालाई लागू औषधको सूचीमा कायमै राख्ने कि हटाउने ? भन्ने बारेमा मतदान भएको थियो । मतदानमा नेपालसहित ५३ देशले भाग लिएका थिए । जसमा २७ देशले गाँजालाई हानिकारक लागू औषधको सूचीबाट हटाउने पक्षमा मतदान गरे । २५ देशले विपक्षमा मतदान गरे । नेपालले हटाउने पक्षमा मतदान गऱ्यो । अन्ततः नेपालको मत निर्णायक बन्यो ।

०३४ भदौ ३ गते विकास सहायताको एजेन्डा लिएर अमेरिकी सहायक विदेशमन्त्री मार्गरेट पी.गर्फिल्ड काठमाडौं आएका थिए । उनले राजा वीरेन्द्रलाई भेटेर गाँजामाथि प्रतिबन्ध लगाउन राष्ट्रपति जिमी कार्टरले



पठाएको सन्देश सुनाए । कार्टरको सन्देशमा गाँजामाथि प्रतिबन्ध नलगाए द्विपक्षीय सम्बन्धमै असर पर्ने कूटनीतिक चेतावनी मिसिएको थियो । गार्फिल्डले ‘अडियन्स विथ किङ वीरेन्द्र नार्कोटिक’ नाम दिएको सो टेलिग्राम तीन दशकपछि विकिलिक्स रिपोर्टबाट बाहिरिएको थियो ।

गाँजा खेतीलाई वैधानिकता दिनुपर्ने विषयमा विज्ञहरूले समय समयमा सुझाव दिँदै आए तापनि विधिवत रुपमा आँट गर्ने प्रयत्न खासै भएको थिएन । प्रतिनिधिसभाको बैठकमा सत्तारुढ दल नेकपाका सांसद विरोध खतिवडाले गाँजामाथिको कानुनी प्रतिबन्ध फुकुवा गर्न प्रस्ताव दर्ता **बाँकी ८ पेजमा**

## के गर्छ फाइजर भ्याक्सिनले ?

काठमाडौं । ब्रिटेनले कोभिड विरुद्धको भ्याक्सिन फाइजर प्रयोगमा ल्याएको छ । एक ९० वर्षीय महिलामा भ्याक्सिन लगाउँदै कोभिड विरुद्धको युद्धमा ब्रिटेन खरो रुपमा उत्रिएको छ । भ्याक्सिन लगाएकी ती महिलामा प्रतिरक्षा प्रणाली गजबले सुधार भएको देखिएपछि फाइजरप्रतिको विश्व आकर्षण बढेको छ । बेलायतले हतारमा कोरोना भाइरसको खोप प्रयोग अनुमति दिएको भन्ने आफ्नो अघिल्लो टिप्पणी सच्याउँदै अमेरिकाका वरिष्ठ संक्रमणविज्ञले ब्रिटिस प्रक्रियाप्रति पूर्ण विश्वास गरेका छन् । त्यसबारे प्रश्न उठाएजस्तो लाग्ने टिप्पणी गरेका अमेरिकाका वरिष्ठ संक्रमण रोग विशेषज्ञ एन्थोनी फाउचीले त्यसप्रति माफी मागेका छन् । उनले ब्रिटिस मेडिकल नियामक निकायप्रति आफ्नो पूर्ण विश्वास रहेको बताउँदै भनेका छन्- ‘मलाई ब्रिटेनले वैज्ञानिक रुपमा अनि **बाँकी ८ पेजमा**

## चन्द्रमामा चिनियाँ अन्तरिक्ष यान

चिनियाँ अन्तरिक्ष यान चन्द्रमामा सफलतापूर्वक अवतरण गरेको चीन सरकारले घोषणा गरेको छ । मानवरहित उक्त यानले चन्द्रमाबाट केही ढुंगा संकलन गरी पृथ्वीमा फर्कने बुधबार चीन सरकारले जनाएको छ ।

चांगे- ५ नाम दिइएको यो यान मंगलबार ११ बजे राति चन्द्रमामा अवतरण गरेको चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासनले जनाएको छ । अन्तरिक्ष प्रशासनले चन्द्रमामा अवतरण गर्दाका तस्बिरहरू पनि सार्वजनिक गरेको छ ।

चिनियाँ अन्तरिक्ष प्रशासनले चांगे यानले चन्द्रमामा ढुंगाहरूका नमुना संकलन गरेको जनाएको छ । यानले चन्द्रमामा अवतरण गर्ने क्रममा सफलतापूर्वक आफ्ना सौर्य प्यानल फहराएको थियो जसले यानलाई आवश्यक पर्ने ऊर्जा प्रदान गर्नेछ ।

चीनको हैनान प्रान्तबाट गत २४ नोभेम्बरमा प्रक्षेपण **बाँकी ८ पेजमा**

## पारवहन सन्धि संशोधन गर्न सहमति

काठमाडौं । नेपाल-भारतबीच भएको पारवहन सन्धि र रेल सेवा सम्झौता संशोधन गर्न दुवै पक्ष सहमत भएका छन् । दुई देशबीच भएको व्यापारिक पारवहन वार्तामा नेपाल पक्षले नेपाल-भारत पारवहन सन्धि र रेल सेवा सम्झौता संशोधनलाई अन्तिम रूप दिई शीघ्र हस्ताक्षर गर्ने प्रस्तावमा भारतीय पक्ष सहमत हो ।

गत सोमबार दुई देशबीच नेपाल-भारतबीचको व्यापार, पारवहन र अनधिकृत व्यापार नियन्त्रणका लागि बनेको सचिवस्तरीय अन्तरसरकारी समितिको भिडियो कन्फरेन्स भएको थियो ।

वार्तामा नेपालका तर्फबाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्याल र भारतका तर्फबाट भारतको वाणिज्य मन्त्रालयका सचिव अनुप **बाँकी ८ पेजमा**

## सगरमाथाको उचाइ बढ्यो

काठमाडौं । विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ ८६ सेन्टिमिटर बढेको छ । अब सगरमाथाको उचाइ ८ हजार ८ सय ४८ मिटर ८६ सेन्टिमिटर पुगेको नापी विभागमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सार्वजनिक गरेका छन् ।

सर्वोच्च शिखर सगरमाथाको नयाँ




उचाइ भर्चुअल माध्यमबाट नेपाल र चीन सरकारले **बाँकी ८ पेजमा**

## वैदेशिक रोजगार : विकृति र समाधान

समय-सन्दर्भ

■ रमा घिमिरे

केही अपवादबाहेक सबैजसो मानिसहरू विदेश जाने कारण रोजगारीकै लागि हो । धेरैभन्दा धेरै पैसा कमाउने जीवन स्तरलाई उकास्न, आर्थिक रुपमा सम्पन्न हुनु र सुरक्षित भविष्यका लागि नै विदेश जाने क्रम देखिन्छ । आजको नेपालको अवस्था हेर्दा अर्थतन्त्रको बलियो आधार भनेको रेमिट्यान्स हो र यस सँग जोडिएको बिषय भनेको वैदेशिक रोजगार हो ।

देशको बढ्दो बेरोजगर, आर्थिक घाटा, आयातमा निर्भर, बन्द उद्योगधन्दा, कलकारखाना, वैदेशिक लगानीलगायत विभिन्न कारणले नेपालीहरू आर्थिक संकटका कारण वैदेशिक रोजगारमा आकर्षित हुने क्रम बढ्दो छ । नेपालमा यसबाट तत्कालिन रेमिट्यान्स भित्रिए पनि दिर्घकालिन रुपमा हानी र नोक्सानी व्यहोर्नुपर्ने देखिन्छ । वैदेशिक रोजगारको बढ्दो क्रमले यसबाट परिवार, समाज र राष्ट्रलाई क्रमिक रुपमा घाटा र समस्या एकतिर छँदैछ भने अर्कातिर विदेशमा जुन प्रयोजनको लागि जाने हो त्यो प्रयोजन हासिल भएको छ कि छैन ? तिनीहरूको जीवन कति सुरक्षित छ ? कति समस्या र अन्यायबाट गुज्रिरहेका छन् त त्यहाँ नेपालीहरू भन्ने कुरा दिनानुदिन विभिन्न मिडियाका माध्यमबाट प्रस्टै देख्न र सुन्न सक्छौं ।

परिवारबाट एउटा सदस्य छुट्नुको पीडा, समुदायले एउटा सदस्य गुमाउँदाको पीडा र र राष्ट्रले यसरी सक्षम र दक्ष हजारौं नागरिक गुमाउँदाको घाटाको परिणाम विकराल छ । पक्कै पनि परिवारभित्र लालनपालन, माया, ममता, शिक्षा, दिक्षा पाएको एउटा व्यक्ति देशै छोडेर अरुको देशमा छुट्टै समाजमा, छुट्टै संस्कृति, छुट्टै भाषा, छुट्टै वातावरणमा र अलग खानपान, अलग रितिरिवाजमा समायोजन हुनु र विदेशको Under र Order मा काम गर्नु कसरी सहज होला त ?

पक्कै पनि सहज छैन अनेक आरोह आवरोह बाधा आड्चन भोग्दै जसरी तसरी भएपनि काम गर्नैपर्छ, पैसा कमाउनैपर्छ हैन भने ऊ लाखौं लगानी गरेर, ऋण गरेर गएको हुन्छ ,उसले जसरी तसरी त्यो चुक्ता गर्नै पर्दछ जे गरेर भएपनि जसो गरेर भएपनि दिन रात नसुती १८-२० घण्टा काम गरेर भएपनि ऊमाथिको ऋणको भार उसले घटाउनै पर्दछ । त्यसैले ऊ जस्तोसुकै काम गर्न बाध्य हुन्छ । कामको बोज एकातिर छदैछ अर्कोतिर परिवारबाट छुट्टिएर बस्नुको पीडाले गर्दा ऊ बिक्षिप्त हुन्छ, आतिन्छ । ऊ आफ्नो परिवार धेरै **बाँकी ८ पेजमा**

# पालो अब हरिप नं. ३ को



## सुरेन्द्र ढकाल

हरिप हुनुभन्दा गरिब हुनु धेरै राम्रो भन्ने नेपालीमा उखान छ। यो हरिप भन्ने जन्तुले आफू जति जान्ने, आफैंले गरेको कुरा मात्र ठीक अरु सबै नजान्ने र बेठीक भन्दै हिँड्ने हुँदा मान्छेहरू यस्ता प्राणीलाई हरिप भन्छन्। नकच्चरोको कुनै औषधि हुँदैन भनेजस्तै हरिपले आफूलाई सिध्याउँछ र अरुलाई पनि त्यसै गरी सिध्याउँछ। आधुनिक नेपालको राजनीतिक इतिहास र वर्तमानमा गरी हालसम्म ३ हरिप देखा परेका छन। ती को को होलान त ?


**हरिप नं. १**

यसलाई २०१५ सालको चुनावमा नेपाली जनताले बहुमत गरी रजाइँ गर्न दिएका थिए। यसले शासन आफ्नो हातमा आउनासाथ आफूजस्तो जान्ने सुन्ने कोही छैन भन्ने घमण्डले चुर हुँदै न राजा न जनता कसैलाई पनि फुट्टी गनेन। जुन क्षमता, संयम, धैर्य र शालिनता यसमा हुनुपर्ने थियो त्यो नभएको कारण देश र जनता यति छिट्टै यसबाट दिक्क भए कि यसैको कारण देशले ३० वर्षे लामो निरंकुश राजनीतिक व्यवस्था भोग्नु पर्‍यो।



**हरिप नं. २**

यसलाई नेपाली जनताले २०४७ सालको चुनावमा पूर्ण बहुमत दिई शासनको साँचो सुम्पिए। यो त झन् हरिप भएर निस्कियो। त्यतिखेरको युरोप, पूर्वी एसियासम्म पुग्ने देशको वायुसेवालाई क्वाप्पे खाइदियो। आफूलाई समाजवादी भन्ने यसले मित्र राष्ट्रले बनाएको १४ भन्दा बढी उद्योगलाई कमिसन खाँदै कौडीको मूल्यमा बेचिदियो। आफ्नो विरोध गर्ने आफूभन्दा स्वच्छ, अग्रज र शालिन नेतालाई पाखा लगाइदिने क्रममा देशलाई मध्यावधिमा धकेली देशमा राजनीतिक अस्थिरता निम्त्यायो। जसको कारण नेपाली जनता वाक्क हुन पुगी विद्रोही समूहको नाराबाट आकर्षित हुन पुग्दा देश द्वन्द्वमा फस्न पुग्यो। प्रतिगमनले पुनः आफ्नो फडा उठायो। यो हरिप विद्रोहीसँग मिली आफू र आफ्नो दलको राजनीतिक अवसानको बाटो फराकिलो बनाउँदै यसले विदा लियो।



**हरिप नं. ३**

यसलाई पनि नेपाली जनताले २०७५ को चुनावमा झण्डै दुईतिहाइको बहुमत दिई शासनको अभिभारा सुम्पिए। तर यो त यस्तो हरिप निस्कियो यसले न आफ्नै दलका नेताहरूलाई गन्छ न विपक्षीलाई, न अदालतलाई र मानव अधिकार आयोगलाई न नागरिक समाजलाई। संविधानको प्रस्तावनाले देश समाजवाद उन्मुख भन्छ तर महामारीको बेलामा जनताको उपचारवापत यो हरिप शुल्क खोज्छ। अदालतले त्यसो नगर भन्छ अदालतको आदेशलाई यसले धोती लगाइदिन्छ। कमिसन खाइ वाइडबडी



किन्छ अनि भ्रष्टाचारीलाई देखी नसहने गुड्डी हाँक्छ। ट्रान्सपरेन्सीले औलो ठड्याउँदा उसको औंलै भाँचिदिन्छ। आफ्ना छोरा अनि कार्यकर्तालाई जनताको छोरीहरू बलात्कार गरी हत्या गर्न लगाउँछ। मानव अधिकार आयोगले त्यसो नगर भन्दा मानव अधिकारीहरूको सातो खाइदिन्छ। आफूलाई साम्यवादी भन्छ ५५ अरबमा पुँजीवादीको अगाडि लम्पसार परी उसको तलुवा चाट्छ। आफूलाई धर्मनिरपेक्ष भन्छ, त्रिश्चियनले बाढेको विर्यमिश्रित होली वाइन चाख्न पुग्छ। जनताका छोराछोरी सिटामोल खान नपाइ मर्छन्। ऊ करौडौं खर्च गरी विदेशमा गई उपचार गराउँछ। किडनीको अभावमा जनताका छोराछोरी मर्छन् ऊ चारवटा किडनी लिएर बाँच्छ। पाइन्छ यस्तो हरिप संसारमा कोही ? १ नम्बरको हरिपले पंचायतलाई आमन्त्रण गर्‍यो, २ नम्बरको हरिपले देशलाई द्वन्द्वमा फसायो अब यो ३ नम्बरको हरिपले के गर्ने हो हेर्नै बाँकी छ। पालो अब हरिप नं. ३ को आएको छ।




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# के दलहरू असफल भएकै हुन् ?

अहिले राजावादीहरू मुलुकभर प्रदर्शन गरिरहेका छन् । विगतमा पनि राजावादीहरू 'राजा आउ देश बचाउ' भन्दै सडकमा नआएका होइनन् तर उनीहरूको संख्या न्यून रहने गरेको थियो । पूर्वराजा ज्ञानेन्द्र तीर्थाटनका नाममा मुलुकका विभिन्न मठमन्दिरमा जाने गर्दा पनि राजावादीहरू जयजयकार गर्न पुग्थे । यसपल्ट भने संगठित रूपमै राजावादीहरू सडकमा उत्रिएको देखिन्छ र जुलुशमा युवाहरूको समेत बाक्लो उपस्थिति देखिन थालेपछि सत्तामा बसेर सधैं रडाको मच्चाउने गणतन्त्रवादी लोकतन्त्रवादीहरूको मथिंगल खलबलिन थालेको छ । प्रधानमन्त्री केपी ओलीले सर्वदलीय बैठक यसै मेसोमा बोलाएका छन् भने गणतन्त्रको रूपरेखा कोर्ने श्रेय पाएका प्रचण्डले वर्तमान उपलब्धिको् रक्षाका लागि जस्तोसुकै त्याग गर्ने उद्घोष गरेका छन् । राजावादीको प्रदर्शनमा राप्रपाले खुलेरै साथ सहयोग गरेको देखिन्छ भने नेपाली कांग्रेससँग बिरक्तिएका पुराना नेता, कार्यकर्ताहरू पनि राजावादीको स्वरमा स्वर मिलाइरहेका छन् ।

राजावादीहरूको आन्दोलन सत्ताधारी दलभित्रको कचिंगल उत्कर्षमा पुगेका बेला सुरू भएको छ । कतिपयले यो आन्दोलनमा भारतको वर्तमान सत्ताको साथ, सहयोग रहेको विश्लेषण समेत गरेका छन् । भारतको खुफिया एजेन्सी राजावादीहरूको आन्दोलन सत्ताधारी दलभित्रको कचिंगल उत्कर्षमा पुगेका बेला सुरू भएको छ । कतिपयले यो आन्दोलनमा भारतको वर्तमान सत्ताको साथ, सहयोग रहेको विश्लेषण समेत गरेका छन् । भारतको खुफिया एजेन्सी 'रअ' प्रमुखको नेपाल भ्रमणपछि आन्दोलनले आकार लिन थालेको भनाइ एक थरीले राखेका छन् । जेहोस्, राजावादीहरूको हौसला बढाउने काममा अरूलाई दोष दिनुभन्दा सत्ता सञ्चालकहरू नै दोषी देखिन्छन् । गणतन्त्र प्राप्त भएपछि उच्च पदासीनहरूले राजाको भन्दा बढी तामझाम र सुख सुविधा भोग्न थालेपछि यिनीहरू भन्दा त राजै ठीक भन्ने भावना भड्काउन राजावादीलाई सजिलै भयो । त्यसो त राष्ट्रपति विद्यादेवी भण्डारीको विवादास्पद भूमिका पनि कम जिम्मेवार छैन । भण्डारीले सबैको अभिभावक बन्नेतर्फभन्दा पनि एउटा पार्टीको एउटा गुट विशेषको मात्र राष्ट्रपति रहेको स्पष्ट भूमिका प्रदर्शन गरिरहेको देखिन्छ । त्यसैगरी मुलुकमा घटेका ठूलठूला भ्रष्टाचारका काण्ड, चौतर्फी झाँगिएको आर्थिक अनियमितता, युवा पुस्तामा बढेका् आम बेरोजगारी, निराशा र कुण्ठाले वर्तमान सत्ताप्रति घृणा फैल्याउने काम गर्‍यो । दुईतिहाईको बहुमत हुँदा पनि कछुवा शैलीको सरकारको रवैया, सत्ताधारीबीचको निरन्तरको गाँड कोराकोरले गणतन्त्र बाँदरका हातको नरिवल बन्न पुग्यो ।

विगतको इतिहास हेर्ने हो भने हरेक पल्टको आन्दोलनको सफलतापछि प्राप्त उपलब्धिको रक्षा गर्ने काम गर्नुभन्दा आपसी झगडामा नेताहरू फसेको देखिन्छ । २००७ सालपछि मातृका र बीपीबीचको टकरावको राजा त्रिभुवनले राम्रै फाइदा उठाए । राजा महेन्द्र सत्तामा आएपछि भएको २०१५ को निर्वाचनमा कांग्रेसले पाएको दुईतिहाई मत जोगाउन कांग्रेस नै असफल बनी उनीहरूको सत्ता उन्माद र आपसी द्वन्द्वको शासनलाई २०१७ को शाही 'कू' ले अन्त्य गरायो । २०४६ को प्रजातन्त्र पुनर्स्थापनापछि पनि नेपाली कांग्रेस बहुमतको सरकार सञ्चालन गर्न असफल भयो र ०४८ मै मध्यावधि चुनाव गराइयो । त्यसपछि दिक्क लाग्ने गरी सत्ताको फेर बदल संसदहरूको किनबेच जस्ता खेलले माओवादीलाई जन्माउन, हुर्काउन मलजल पुर्‍यायो । २०६२।०६३ को आन्दोलनले मुलुकमा गणतन्त्रको मार्गप्रशस्त गर्‍यो तर नेताहरूको सोच र कार्यशैलीमा परिवर्तन ल्याउन सकेन । माओवादीको सत्ता उन्मादको बीच घटेको कटुवाल काण्डले पहिलो संविधानसभा त्यसै तुहेर गयो । दोस्रो संविधानसभाले संविधान बनायो गणतन्त्र स्थापित भयो । नयाँ संविधानपछि बनेको निर्वाचनसँगै लामो संक्रमणकालको अन्त्य भयो । मुलुकले अब कायापलट गर्छ भन्ने आशा जनतामा जाग्यो र जगाइयो तर छोटो अवधिमै जनताको आशामा सत्ताधारीहरूले चिसोपानी खन्याउने काम गरे । सत्तासीनको झगडा र जनताप्रतिको बेवास्ताले आजित भएका केही जनता सहाराको खोजीमा राजावादीको पछि लाग्न थाले पनि त्यो समस्या समाधान होइन । प्रतिगामी सोचको पछि दौडनुभन्दा वर्तमानको विकृति विसंगतिका विरूद्ध संघर्ष गर्न आवश्यक छ । सत्तापक्ष, प्रतिपक्ष तथा सडकमा भएका गणतन्त्रवादी शक्तिहरू प्राप्त उपलब्धिको रक्षाका लागि एक हुन आवश्यक छ ।

# के सडकको भीडले राजा आउलान त ?



**गोविन्द विक**

राजा आउ देश बचाउ भन्ने नारासहित अहिले सडकमा बढदै गएको भिड दलहरूको उबल्टो गतिको नतिजा हो भन्दा फरक पर्दैन ।

अहिले देशैभरी गणतन्त्र विरोधी दलका कार्यशैलीले दिक्क भएका जनताको आक्रोस सडकमा पोखिन थालेको छ। जनताको जनादेश पाएर सत्ताको स्टेरिङ समाइराखेको दलले नै जनहित विपरितका काम गर्दै गएपछि आम नागारिकमा सरकार र सरकार सञ्चालनमा रहेका दलहरूप्रति जनताको आक्रोस बढदै गएको हो ।

जनताले गणतन्त्रको विकल्पका रुपमा राज संस्था स्थापना गरी निरकुंस शासन व्यवस्था फेरी फर्किओस भन्ने गरी अहिलेको आन्दोलन चर्किएको होइन। दलहरूले विराएको बाटोमा जनताहरूले खबरदारी गर्नका निम्ती यो आक्रोस पोखेका हुन ।

आम नागारिक देशमा मौलाउदै गइरहेको बेथिती र कुशासनमा पेलिइराखेका छन। राजनैतिक दलहरूको भरोसामा प्रश्नै प्रश्न उठाउने मौका यिनै सत्तामा भएका दलहरूले दिए। जसको नतिजा स्वरुप आज सडकमा भिड बढन थाल्यो। यसले अब के अव फेरी राजाले निरकुसं शासन चलाउने वातावरण बन्ला त ? भन्ने प्रश्न पनि उठन थालेका छन। के घाटमा लगेर जलाएको लास फेरी उठेर आउन वा उठाएर ल्याउन सम्भव छ ? अहिलेको सडकमा बढेको आन्दोलनका बारेमा सबैको चासो र चिन्ताको विषय हुदैछ ।

हिजो राज संस्थालाई विदा गरेर गणतन्त्र ल्याउदा पनि सडकमा यस्तै भिड जम्मा भएका थिए। यति फरक हो की त्यस समयमा सडकको भिडमा राजनैतिक दलका नेताहरू नै सहभागी भएर जनतालाई मिठा मिठा सपनाहरू बाढेका थिए। तर आजको भिडमा अदृष्य रुपमा केही राजनैतिक दलका नेता तथा कार्यकर्ताहरू पनि सहभागसी भएका खबरहरू छन। यसले के देखाउछ भने परिवर्तन सबैले चाहेका हुन्छन ।

सबैलाई समृद्धि र विकासको चासो हुन्छ देशमा विकास र शुसान होस भन्ने अपेक्षा सबैको हुन्छ तर दलका क्रियाकलापहरूले व्यक्तीवादी र शक्तीकेन्द्रीत लुछाचुडी मात्र देखाइरहेको हुनाले यसको अन्त्य हुनुपर्दछ भन्ने आम नागारिकको आसालाई बुझ्न नसक्नु नै दुभाग्र्यपूर्ण अवस्था सिर्जना भइरहेको छ ।

गणतान्त्रिक व्यवस्थाको विकल्प भन्दा पनि यही व्यवस्थाभित्र अग्रगामी चिन्तन, देश र जनताप्रति उत्तरदायी हुने नेतृत्वको खोजी गर्नमा सडकको भीड केन्द्रीत हुन जरुरी छ। राजसस्था

**गणतान्त्रिक व्यवस्थाको विकल्प भन्दा पनि यही व्यवस्थाभित्र अग्रगामी चिन्तन, देश र जनताप्रति उत्तरदायी हुने नेतृत्वको खोजी गर्नमा सडकको भीड केन्द्रीत हुन जरूरी छ। राजसस्था भनेको जनताले घाटमा लगेर सेलाइसकेका हुनाले फेरि पनि एउटै वंशले देशको शासन गर्ने गरी राजाको माग गर्नु किमार्थ उचित हुँदैन ।**

भनेको जनताले घाटमा लगेर सेलाइसकेका हुनाले फेरि पनि एउटै वंशले देशको शासन गर्ने गरी राजाको माग गर्नु किमार्थ उचित हुँदैन। यही व्यवस्थामा व्यक्तिवादी भन्दा पनि जनमुखी समस्याहरूलाई केन्द्रमा राखेर काम गर्ने नेतृत्व आजको आवश्यकता हो भन्ने कुरालाई मनन गर्न जरुरी छ।

सत्तामा बस्ने दल आफ्नै आन्तरिक लडाइमा रुमालिइ रहेको छ भने प्रतिपक्षको रुपमा रहेका दलहरू पनि निधाएर बसेका छन। अहिले मुलुकमा अभिभावक नभएको होकी भन्ने आभास जनतामा छ। जसले गर्दा जन आक्रोसहरू बढ्दै गइरहेको हो। यसलाई दलहरूले नजिकबाट नियालेर अवको मार्गचित्र के हुने सडकमा बढिरहेको जनाआक्रोसलाई कसरी सम्बोधन गर्ने भन्ने तिर ध्यान दिन जरुरी छ।

सडकको आन्दोलनलाई दवाउने भन्दा पनि यो आफ्नै कामको नतिजा भएको हुनाले यसलाई सम्बोधन गरेर अगाडी बढनु नै राजनैतिक दलहरूलाई उचित होला भन्ने लाग्छ। यसबाट दल र सरकारमा रहेकाहरूले राम्रै पाठ सिक्नु पर्दछ। फेरी लडाइ र युद्धमा देशलाई फसाउने हो भने हामी विकासमा फेरी ५० वर्ष पछाडी धकेलिन सक्छौ भन्ने हेक्का उच्च नेतृत्वलाई हुन जरुर छ।

सडकबाट राजालाई स्थापित गर्ने भन्दा पनि नयाँ सोच भएको युवा नेतृत्वलाई शासनमा स्थापित गरी मुलुक र जनताको समृद्धीका लागि काम गर्ने नेताको खोजी गर्नु नै राम्रो होला। समृद्धिका मिठा सपना देखाउने भन्दा पनि सपना देखाएर काम गर्ने एक्सनमा जाने नेतृत्वको खोजी गर्नु अहिलेको आवश्यकता हो भन्ने बुझाइ सबैमा हुनुपर्दछ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१५



सुदर्शन प्रधान

त्यस्तो व्यक्ति उद्योग, व्यापार, फर्म खोलेर लगानी गरी आफ्नो हैसियत अनुसार धनसम्पत्ती कमाउन सक्छ। पार्टी र पार्टी नेता कार्यकर्ताहरूको खर्च चलाउन त्यस्तो पार्टी पनि उत्पादनमा लाग्नपर्छ र लगानी गर्न पर्छ। जसरी पार्टी भवन निर्माण गर्न उनिहरू चन्दा उठाउछन्। अव फर्म, उद्योगहरू सञ्चालन गर्न त्यसो गरुन्।

२०४६।०४७ सालको जनआन्दोलन पश्चातका भ्रष्ट नेताहरू, नोकर शाहहरू र अरु अवैध मार्ग अपनाई धनसम्पती जोडेका र राज्यलाई तिर्नुपर्ने कर छली गरेका मान्छेहरूका स्वदेश र विदेशमा थुपारेका धनसम्पत्ती मात्र फिर्ता गर्ने हो भने नेपाली जनतालाई शिक्षा, स्वास्थ्य र यातायात निशुल्क उपलब्ध गराउन सकिन्छ। अझ राणकालदेखी पंचायतीकाल बहुदलीय काल र यो गणतन्त्रसम्मका भ्रष्टहरूका धनसम्पती फिर्ता गर्ने हो भने १ ट्रिलियन डलर पुग्दो हो। जुन रकम भनेको वर्तमान नेपाल सरकारको वार्षिक १५ खरवको बजेट जस्तोलाई ६६ वर्ष पुग्छ। कुनै पनि राष्ट्रको र समाजको धनसम्पती भनेको मूलत प्राकृतिक श्रोत र परिश्रमी वर्गका जनताको रगत, पसिना र आसुँ बगाएर संकलन हुन्छ।

आर्थीक सम्वृद्धी र राष्ट्रियता घनिष्ट सम्बन्धीत कुराहरू हुन्। भ्रष्ट शासकहरूले राष्ट्रलाई कमजोर तुल्याउनाले आज देशको शिक्षक कर्मचारी, सेना, प्रहरी र विकास निर्माणको लागी पनि दातृ राष्ट्रहरूको अनुदान लिने र ऋण लिन परिरहेछ। त्यस्तो अनुदान र ऋण संग्लो आउदैन, त्यसको साथसाथै उनिहरूका राजनीति, संस्कृति, धर्म दर्शन सबै कुराहरू भित्रीन्छन्। अभावकै कारणले यहाँका महत्वपूर्ण बौध्दीक, पत्रकार, नेता, नोकरशाह र सेना, प्रहरीका उच्च ओहदाका मान्छेहरूलाई उनिहरूले आफ्नो प्रभावमा पार्छन र आफ्नो स्वार्थमा परिचालन गर्छन्। तथापी देशभक्ती र राष्ट्रभक्ती भन्ने कुरा एउटा भावनात्मक कुरापनि हो, बरु उ छाप्रोमा बस्छ, ढिडोफाडो खान्छ, पैदल हिड्छ, छोराछोरीलाई गाईवाख्रा चराउन पठाउँछ, साधारण कपडा लगाउँछ। धनसम्पतीको लागी देशद्रोही, राष्ट्रद्रोही बनेर शहरको आकाश छुने भवनमा बस्ने, उच्चस्तरको खाना, विदेशी महंगा गाडी, छोराछोरीलाई विदेश पढ्न पठाउने, तडकभडक भई हिड्ने गर्दैनन्। हामी विर बलभद्र, अमर सीं, भक्ति थापा जस्ता महान देश भक्त योध्दाहरूबारे पढ्छौ। जीवनमा महान कार्यहरू गरेकोले ईतिहासले उनिहरूलाई सम्मान गरेको हो। १०४ वर्ष राणाहरूले लट्नुलुटे, विलासी जीवन बिताए जनताका रगत, पसिना र आसुँमा तर ईतिहासमा ति सबै घृणीत र तिरस्क्रीत पात्र बने।

सन् १९३० को दशकमा तत्कालिन सोभियत संघमा जमिन, ताल, माछा, पोखरीहरू, खानी, पशुपंक्षी पालन, फर्महरू, उद्योग, कल-कारखानाहरू सामुहिकीकरण र स्वास्थ्य, शिक्षा, यातायात, बैंक जस्ता संस्थाहरू राष्ट्रियकरणको कारणले खाद्यन्नको मूल्य थिएन भनौं नगन्य थियो र माछामासु, फलफुल, तरकारी, दलहन, तेलहनहरूको मुल्य पनि अति न्युन थियो। सामन्त, जमिनदार र सुदखोरहरू पूर्ण रुपमा निस्तेज भएको थियो।

*(क्रमश:)*

# मैले देखेको १४७ औं विश्व सम्पदा

# वनारसको विश्वनाथ मन्दिर

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा मन्दिर यस्तो देखिन्छ



वनारसमा रहेको नेपाली मन्दिर




विश्वनाथ मन्दिर परिसरमा सुरेन्द्र नोभेम्बर २००३ मा



परबाट हेर्दा गंगा नदीसहित विश्वनाथ मन्दिर र घाटको दृश्य

नोभेम्बर १० का दिन कुतुव मिनार र इण्डिया गेट अवलोकन गरेपछि हाम्रो दिल्ली बसाइ टुँगिएको थियो । ११ नोभेम्बरका दिन चाँदनीचोक, कनौट प्लाजा आदि हेरर बिताएपछि १२ नोभेम्बरका दिन गेहेन्द्रजी र म भारतको गलैंचा उद्योगको केन्द्र मानिने वदोहीतर्फ लाग्यौं । त्यहाँ दुई दिन बसी भारतीय गलैंचा उद्योगको उच्चतम विकासलाई आफ्नै आँखाले अवलोकन गरी वनारसबाट काठमाडौं फर्कने क्रममा १४ नोभेम्बरको दिन वनारस पुगी त्यहाँको एक होटलमा बसी १५ नोभेम्बरका दिन हामी बिहानै विश्वनाथ मन्दिर अवलोकन गर्न त्यतातिर लाग्यौं । हामी त्यहाँ पुग्दा बिहानको साढे नौ बजेको थियो ।

### विश्वनाथ मन्दिर

काशी विश्वनाथ मन्दिर भगवान शिवप्रति समर्पित निकै प्रख्यात मन्दिर रहेछ । वनारसको विश्वनाथ गल्लीमा गंगानदीको पश्चिमी किनारमा अवस्थित यो मन्दिर शिवका १२ ज्योर्तिलिङमध्ये एक मानिँदो रहेछ । यहाँ शिवलाई श्री विश्वनाथ र विश्वेश्वर भनिँदो रहेछ जसको अर्थ ब्रह्माण्डकै इश्वर हुन आउँदो रहेछ । धेरै पटक भत्किँदै अनि पुनर्निर्माण हुँदै आएको यो मन्दिर प्राचीन कालदेखि नै हिन्दुहरूको पवित्रस्थल मानिँदो रहेछ ।

सन् १९८३ देखि भारत सरकारबाट ब्यवस्थित यस मन्दिरमा शिवरात्रिलगायत अन्य धार्मिक चाडवाडमा काशिका राजालाई मूल पुरोहित बनाइ पूजा कार्य संचालन गर्न शुरु भएको रहेछ । इतिहास खोतल्दै जाँदा हिन्दु पुराणहरू जस्तो स्कन्द पुराणमा समेत उल्लेख भएको यस मन्दिरको मौलिक रुप सन ११९४ मा मुगल सम्राटका सेनाहरूले कन्नौजका हिन्दु राजा जय चन्दलाई परास्त गरेपछि ध्वस्त गरेका रहेछन् । पछि सन १२११ तिर दिल्लीका सुल्तानका पालामा एक गुजराती ब्यापारीले यस मन्दिरको पुनर्निर्माण गरेका रहेछन् जसलाई पछि सन् १४४७ तिर हुसैन शाह सर्किको पालामा पुन भत्काइएको रहेछ । कसै कसैले त्यो बेलामा नभै सन् १४८९ तिर सिकन्दर लोधीको शासनकालमा पो भत्काइएको हो भन्ने मान्यता राख्दा रहेछन् । पछि फेरि मुगल सम्राट अकवरको पालामा यस मन्दिरको पुनर्निर्माण सन् १५८५ मा भएको बताइँदो रहेछ ।

पछिल्लो पटक मुगल सम्राट औरंगजेवको पालामा सन १६६९ मा ध्वस्त पारी त्यहाँ ग्यानभपि मस्जिद बनाइएको यस मन्दिरको संरचना सन १७८० मा मराठा साम्राज्यका इन्दोरका अहिल्या वाइ होल्करले पुनर्निर्माण गराउन लगाएका रहेछन् । त्यही बेलादेखि वर्तमान मन्दिरको स्वरुपले निरन्तरता पाएको रहेछ । त्यसपछि यो विश्वनाथ मन्दिरको निरन्तर विकाश गर्न भारत वर्षभित्रका राजा रजौटाहरूको ठूलो योगदान रहेको बताइँदो रहेछ जस्मा नागपुर अधिराज्यका भोसेल्सहरूले यस मन्दिरमा चाँदीको छाना लगाइदिएका रहेछन् ।

सन १८३५ सिख महाराजा रणजित सिंहले एक टन सुनबाट यस मन्दिरको गजुर लेपन लगाइदिएका रहेछन् । यस मन्दिरको बारेमा असंख्य किंवदन्ती पनि सुन्नमा आउँदो रहेछ । जस्मा एक पटक ब्रह्मा र विष्णुबीच को शक्तिशाली भन्ने



मन्दिरको मुख्य द्वार

प्रतिष्पर्धा भएको थियो रे । उनीहरूको शक्तिको परीक्षा लिन भगवान शिव ज्योतिर्लिङ्ग भई प्रकट हुनुभएछ । त्यस्को फेद र टुप्पो पत्ता लगाउन ब्रह्मा र विष्णुलाई सकस परेछ । विष्णुले वराह भई त्यसको फेद पत्ता लगाउन खोजेछन् तर सकेनछन् ।

उता बह्माले चाहि राजहंश भई उडेर त्यस्को टुप्पा पत्ता लगाएको जिकिर गरेछन् जसको साक्षीको रुपमा उनले केतुकी नामको फूललाई अघि सारेछन् । ब्रह्माको जिकिर झूटो सावित भएपछि भगवान शिव रिसाइ उनले भैरवको रुप लिई ब्रह्माको पाँचौं शिरच्छेदन गरिदिएछन् र विष्णुले इमानदारिता देखाएको हुँदा विश्वनाथ मन्दिर ज्योतिर्लिंङ्ग भए पनि त्यहाँ विष्णुको पूजा उही स्तरमा गर्नु भनी




गंगा मन्दिरमा सुरेन्द्र नोभेम्बर २००३ मा बोटिङ गर्दै

अह्राएको बताइँदो रहेछ । यस विश्वनाथ मन्दिरमा फागुन शुक्ल एकादशी होलीको अवसरमा विगत २०० वर्षभन्दा अघिदेखि विशेष पूजा, वसन्त पञ्चमीलाई शिव र पार्वतीको सहवासको शुरुवात मानी त्यस अवसरमा गरिने पूजा, र शिवरात्रिलाई शिव जन्मेको रातको रुपमा त्यस अवसरमा गरिने पूजालाई महत्वपूर्ण मानिदो रहेछ । विश्वनाथ गल्लीमा रहेको यस मन्दिर परिसरमा थुप्रै ससाना शिवका देवलहरू रहेछन् । विश्वनाथको मूर्ति ६० सेन्टीमिटर अग्लो र ९० सेन्टिमिटरको गोलाइ रहेछ । मुख्य मन्दिर चारकुने र अरु देवदेवीका देवलहरूले घेरिएको रहेछ । त्यहाँ यज्ञ भापी र ज्ञान भापी नाम गरेका दुइवटा इनार रहेछन् । मुगलहरूको आक्रमण ताका ज्योतिर्लिंङगलाई सुरक्षा गर्न भनी यज्ञ भापी भन्ने इनारमा लगेर लुकाइएको रे भन्दा रहेछन ।

ज्योतिर्लिंङ्ग गाढा खैरो रंगको ढुंगाको रहेछ जसलाई चाँदीको जगमा उभ्याइएको रहेछ । मन्दिरका तीन महत्वपूर्ण भागमा पहिलो विश्वनाथको मूर्ति, दोस्रो सुनको गजुर र तेस्रो मूर्तिको माथिको धातुको झण्डा र त्रिशूल रहेछ । यस मन्दिरमा हरेक दिन ३ हजार र विशेष पूजाको अवसर दश लाख भक्तजन दर्शन गर्न जाने बताइँदो रहेछ । पवित्र गंगाको किनारमा अवस्थित भएको कारण यस मन्दिर संसारभरि हिन्दुहरूको आस्थाको केन्द्रको रुपमा स्थापित रहेछ । त्यहाँ गई मृत्युवरण गर्नेहरू सिधै स्वर्ग पुग्ने विश्वास भएको कारण पनि यस मन्दिरको महत्व बढ्न गएको बताइँदो रहेछ । हामी करिब तीन घण्टा मन्दिर परिसरमा बिताइ, त्यहाँ नजिकै रहेको नेपाली मन्दिर अवलोकन गरी केही समय गंगा नदीमा डुंगा चढी होटल फर्क्यौं अनि भोलिपल्ट १६ नोभेम्बरका दिन वनारस काठमाडौंको नियमित उडानबाट काठमाडौं आइपुग्यौं ।

# ३९. नेपाल कम्युनिस्ट जमातको निर्णयअनुसार नेपालको राष्ट्रियता निम्ति भारतका सबै कम्युनिस्ट समूहहस्सँग सहयोगको निम्ति कुराकानी गर्न म भारत भ्रमणमा जाँदा–२




■ शम्भुराम श्रेष्ठ

पुष्पलाललाई एउटा मेसेज मात्र छाड्ने विचारले दरभंगा गएको मान्छे उनको यो हालत भएकाले र उनलाई हेरविचार गर्ने अरु कोही पनि नभएका कारणले मैले पूरा एक महिनासम्म बिहानदेखि राति अबेरसम्म उनकै बेडमा कुरुवा बस्नुपर्‍यो ।

पूर्वी नेपाल तराईको सप्तरी जिल्लाबासी डाक्टरी अध्ययनको अन्तिम वर्षको छात्र अशोक मिश्रको पहलमा लहरियासराय अस्पतालको डाक्टरहरूले का.पुष्पलालको निम्ति औषधोपचारको सम्पूर्ण खर्च समेत व्यहोरेको र मन लगाएर हेरविचार गरेको देखेर म एकदमै प्रभावित भएँ । अस्पताल सानो भएकाले त्यहाँ आवश्यक सबै सरसामानहरू नभए तापनि डाक्टर मित्रहरूको सहयोगले पुष्पलाल खतराबाट मुक्त भए तर पूर्ण रुपले खतरा टरेको थिएन ।

मैले पुष्पलाललाई शुरुदेखि नै सहानालाई खबर गर्नुपर्छ, उनी कहाँ छिन्, मैले खबर गरिदिन्छु भनी कति भनेँ । तर उनले 'भो पर्दैन' भनी मैले भनेको कुरालाई टार्दै गरे, सुने पनि नसुनेझैँ गर्दै गरे । सहानालाई खबर गर्ने कुरा मान्दै मानेनन् ।

एक महिनापछि जब पुष्पलालको स्वास्थ्यमा अलि राम्ररी सुधार भयो, अनि मैले आफ्नो पूर्व निर्धारित कार्यक्रमअनुसार दिल्ली जाने विचार गरेँ । लहरियासराय अस्पतालमा चाहिने सरसामानहरू नभएको हुँदा पुष्पलाललाई पूरापुर उपचारको लागि आवश्यक सबै सरसमानहरूले सम्पन्न हार्ट सम्बन्धी विशेष अस्पतालमा सार्नु आवश्यक थियो र नयाँ दिल्लीको त्यस्तै एउटा अस्पतालमा सार्ने व्यवस्था मिलाएर उनलाई खबर गर्नेछु भनेर म नयाँदिल्ली गएँ ।

नयाँ दिल्ली पुगेपछि रेल्वे स्टेशनमा ट्रेनबाट ओर्लेर म सोझै सीपीआइ (मार्क्सवादी) को हेडक्वार्टरमा गएँ । पार्टी कार्यालयमा महासचिव का.नम्बुदरीपाद लगायत अरु शीर्षस्थ नेताहरू पनि थिए । भेटवार्तामा सबभन्दा पहिले पुष्पलालको सम्बन्धमा कुरा उठाउँदै उहाँहरूसँग गुनासो पनि गर्दै भनेँ, 'हाम्रो पार्टीको टप लेभलको एक जना नेता हार्ट अटाक भई तपाईंहरूको मुलुकको एउटा सानो अस्पतालमा परिरहेका छन् र तपाईंहरू विल्कुलै बेखबर भएर बसिहनुभएको छ । यो विल्कुलै राम्रो भएन । मैले आलोचना गर्‍यो भनेर नठान्नु होला । म यहाँ आएको बेला का.पुष्पलाललाई एउटा मेसेज छाडिदिउँ भनेर दरभंगा गएको त उनलाई त्यस्तो अवस्थामा पाएँ । म आफैंले पनि कुरुवाको रुपमा एक महिनाभन्दा बढी बस्नु पर्‍यो । उनी खतराबाट बाहिरिएपछि मात्र मैले यहाँ आउने मौका पाएँ ।' अनि का.नम्बुदरीपादले भन्नुभयो- 'तपाईंको कुरा सुनेर हामीहरूलाई धेरै दुःख लाग्यो । उहाँलाई त्यसो भएको हामीहरूलाई विल्कुलै थाहा छैन । यत्तिका वर्ष (अर्थात् २०१७ सालदेखि) भारतमा बसेर पनि उहाँ न त हाम्रो अर्थात् पार्टी केन्द्रीय कमिटीको सम्पर्कमा रहनुभयो न त स्थानीय पार्टी कमिटीकै सम्पर्कमा । यस अवस्थामा हामीहरू उहाँहरूबारे विल्कुलै अनभिज्ञ हुन जाने नै भयो । जे होस्, अबदेखि त्यसो नहोस् । म अहिले नै पटनामा विहार प्रान्तीय कमिटीसँग सम्पर्क गरी लहरियासराय अस्पतालमा का.पुष्पलालको स्वास्थ्य स्थितिबारे विस्तृत जानकारी गरी यहाँ खबर गर्न अह्राउँछु भन्नु हुँदै फोन उठाएर पटनामा पार्टी कार्यालयसँग सम्पर्क गर्नुभयो ।'

का.पुष्पलाल बारेको कुरा सकिएपछि मात्रै मैले आफू नयाँदिल्ली आउनुको खास कारणबारे का.नम्बुदरीपाद र अरु कामरेडहरूलाई बताएँ । भारतमा कम्युनिस्ट आन्दोलन राजनीतिक तथा संगठनात्मक दुवै रुपले फुटी कैयन समूहहरूमा विभाजित भएका छन् । हाम्रो आफ्नै मुलुकमा पनि कम्युनिस्ट आन्दोलनको यस्तै हालत छ । यस्तै हालतमा पनि हामीहरूले आफ्नो मुलुक र जनताको मुक्तिका लागि क्रान्तिकारी संघर्षलाई संगठित रुपले अगाडि बढाउँदै लानु परेको छ । तर जहाँसम्म नेपाली 'क्रान्ति' को राष्ट्रिय पक्षको सवाल छ, त्यो सोझै भारतको प्रतिक्रियावादी शासनसँग जोडिएको छ । कारण सन् १९४७ मा भारत स्वाधीन भएको लगत्तैदेखि नेहरू सरकारले हाम्रो सानो र पिछडिएको मुलुकमाथि कैयन लिखित अलिखित असमान सन्धि सम्झौताहरू लादेर नेपालमा अर्धऔपनिवेशिक रजाइँ गर्दै नेपाली जनतामाथि शोषण र दमनको चक्र चलाइआएको छ । हामी मात्र होइनौं भारतीय जनता स्वयं पनि यसैको उत्पीडनमुनि पिल्सिएका छन् । यस हिसाबले भारतको नेहरू सरकार भारतीय जनता र नेपाली जनता दुवैको साझा दुश्मन बनेको छ । त्यसको विरुद्धको संघर्षमा नेपाली जनतालाई सबभन्दा पहिले त तपाईं भारतका कम्युनिस्टहरूको समर्थन र सहयोगको आवश्यकता छ किनकि तपाईंहरूको समर्थन र सहयोग भएपछि मात्रै हामीलाई महान भारतीय जनताको समर्थन प्राप्त हुनेछ । त्यसै सम्बन्धमा भारतका सबै कम्युनिस्ट समूहहरूसँग र त्यसपछि सम्भव भएमा भारतका स्वतन्त्र विचार राख्ने व्यक्तित्वहरूसँग कुरा गर्नका लागि नेपालको कम्युनिस्ट जमातले मलाई यहाँ पठाएको हो । त्यसपछि प्रमाणको रुपमा नेहरू सरकारले सन् १९४७ देखि नेपाल विरुद्ध गरिआएका कामकुराहरू समेटिएको लिखित दस्तावेज उहाँहरू समक्ष पेश गरे । उहाँहरूले मैले प्रस्तुत गरेको दस्तावेजलाई अध्ययन गरेर भोलि त्यसबारे आफ्नो विचार व्यक्त गर्नेछौं भनी भन्नुभयो ।

भोलिपल्ट बिहान का.नम्बुदरीपादले अन्य पोलिटब्युरो सदस्यहरू समेतको उपस्थितिमा मलाई सम्बोधन गर्दै भन्नुभयो, कामरेड, कामीहरूले तपाईंले पेस गर्नुभएको दस्तावेज गएको राति अध्ययन गर्‍यौं । उक्त दस्तावेजमा तपाईंले उल्लेख गर्नुभएको कुरा सत्य हो तर अहिलेको होइन, सन् १९५० तिरको सत्य हो । भारतको सरकारले तपाईंले लेख्नुभए अनुसारको नेपाल विरोधी काम अहिले गरिरहेकै छैन र गरिरहेको हामीले पाएका छैनौं । त्यसकारण तपाईं हाम्रो बीचमा यस्ता पुराना कुराहरूलाई लिएर गलतपहमी पैदा नहोस् भन्ने हामीहरू चाहन्छौं । सीपीआई (एम) नेतृत्वले भनेका माथिका कुराहरूबाट उहाँहरूमा भारतीय विस्तारवादको सम्बन्धमा प्रशस्त भ्रम भएको स्पष्ट देखिन्छ ।

सीपीआइको केन्द्रीय नेतृत्वसँग पनि मेरो माथि उल्लेखित विषयमा छलफल भयो । सीपीआईको तर्फबाट पोलिटब्युरो सदस्य का.भूपेश गुप्तले बोल्नुभएको थियो । उहाँहरूलाई पनि मैले माथि उल्लेखित दस्तावेजको एक प्रति दिएको थिएँ । उहाँहरूले दस्तावेज अध्ययन गर्नुभयो तर त्यस समय सीपीआइका महासचिव एएस डाँगे भारत बाहिर रहनुभएकाले मैले प्रस्तुत गरेको दस्ताबेजमाथि खासै टिप्पणी गर्न चाहनुभएन ।

बस्न त म सीपीआई (एम) कै हेडक्वाटरमा बसेको थिएँ । एक महिना जति नै मैले त्यहाँ बस्नुपर्‍यो । एक त मैले पुष्पलालको स्वास्थ्य उपचारको निम्ति उपयुक्त अस्पतालको व्यवस्था नभएसम्म कुर्नुपरेको थियो र दोस्रो कुरा सबै नक्सलवादी समूहहरूसँग पनि आवश्यक छलफल गर्ने सोचमा थियौं । नक्सलवादी समूहहरूसँग कहाँ, कसरी सम्पर्क राख्ने भनी सोध्दा का.नम्बुदरीपादले मलाई 'पुलिसले मात्र भन्न सक्छ ।' भनी जवाफ दिनुभयो । उहाँको त्यो जवाफ विल्कुलै भ्रातृवत् थिएन, न त जिम्मेदारीपूर्ण नै थियो । यसरी पूर्वाग्रही भएर कुरा गर्नु का.नम्बुदरीपाद जस्तो नेतालाई सुहाउने कुरा होइन ।

अस्पतालको व्यवस्था भएपछि का.नम्बुदरीपादले पुष्पलाललाई नयाँ दिल्ली आउनु हुन निम्त्याए । पत्र लेख्नुभयो, र सो पत्र लिएर म दरभंगा फर्कें । म दरभंगा पुगेपछि डा.अशोक मिश्रले अनकनाउँदै अप्ठेरो मान्दै पुष्पलालकी श्रीमती साहना प्रधानको सम्बन्धमा मसँग एउटा प्रश्न गर्नुभयो, 'हिजो मात्र सहानाजी कहाँ छिन् र के गर्दैछिन् ?' म दरभंगा फर्कने बित्तिकै र त्यो पनि नयाँ दिल्लीबाट फर्केको लगत्तै एकाएक त्यस्तो प्रश्न सोधिएकाले म एकदमै अचम्भित भएँ । तर मलाई त्यसबारे विल्कुलै थाहा नभएको हुनाले मलाई त्यसबारे 'केही थाहा छैन मात्र भनें ।' तपाईंलाई साँच्चै नै केही पनि थाहा छैन त ?' भनी फेरि उनले प्रश्न गरे । उनको त्यो प्रश्न गराइबाट मैले दिएको जवाफबाट उनलाई विल्कुलै चित्त नबुझेको प्रस्टै झल्किन्थ्यो । पछि मैले थाहा पाएँ पुष्पलालले भारतको पूर्व प्रधानमन्त्री चन्द्रशेखरद्वारा भनसुन गराई भारत सरकारबाट छात्रवृत्ति प्राप्त गरी आफ्नी श्रीमतीलाई दिल्ली विश्वविद्यालयमा डाक्टरेट गराइरहेका रहेछन् । यो पुष्पलालले अनैतिक एवं नेपालको राष्ट्रिय हित विपरीत काम गरेको हो । यही 'गिल्टी कन्साइन्स' को कारणले नै म दिल्ली जान लाग्दा पनि साहना नयाँदिल्लीमै डाक्टरेट गरिरहेकी छिन् र उनलाई बोलाएर भेट्नु भनेर पुष्पलालले मलाई साहनाबारे केही नभनेको हो ।

# बन्दाबन्दीको कहरमा बालबालिका र अभिभावकको उत्तरदायित्व

✍ दामोदर अर्याल

विश्वभर महामारीको रुपमा लिएको कोरोना भाइरसबाट बच्नको लागि गरिएको बन्दावन्दीको कारण घरमै लामो समय बिताउँदा बालबालिकाको मनस्थितिमा हुनसक्ने कोरोना भाइरसको त्रास परेको हुनसक्छ । उस्तो त्रासदीबाट बालबालिकाहरूलाई जोगाउनु अत्यन्त जरुरी हुन्छ । कोरोना भाइरसको सम्भावित जोखिमका कारण जारी लकडाउनका बेला घरमा बसेर बालबालिकालाई कसरी सकारात्मक र रचनात्मकरुपमा व्यस्त बनाउने भन्ने आम अभिभावकहरूमा चासोको विषय बनेको छ ।

कोरोना भाइरसका बिश्वव्यापी सङ्क्रमणबारे जे यथार्थ,सत्यरतथ्य छ त्यो बालबालिकाहरूलाई भनि दिने र आधिकारिक नभएका सञ्चार माध्यममा आउने अनावश्यक समाचार र अफवाहबाट बालबालिकाहरूलाई जोगाउनु पर्छ । स्वभावैले बालबालिकाहरू चन्चले, छुकछुके र उत्सुकताका साथ नयाँ कुरा जान्ने जिज्ञासु हुन्छन् । यस्तो अवस्थामा अभिभावकहरूले उनीहरूलाई गम्भीरताका साथ कुरा बुझाएर आफ्नो नियन्त्रणमा राख्न सक्छन् । अभिभावकहरू बालबालिकाको उक्त जिज्ञासालाई तनाव सम्झने र चर्को स्वरमा उनीहरूलाई हप्काउने पनि गरेको पाईन्छ । बाल मस्तिष्क नयाँ कुरा जान्ने र बुझ्ने कृयामा लागेको हुन्छ । घरमै लामो समय बिताउँदा बालबालिकाका पर्ने परिवेशमा के के कुराहरू गर्न हुन्छ र के के कुरा गर्न हुदैन भन्ने उसलाई ज्ञान हुदैन । बिषम परिस्थितिको बारेमा बोध गराउने र सम्झाउने दायित्व अभिभावकको नै हो । यो बिषम परिस्थीतिको बारेमा सम्झाउदै नसम्झाई बालबालिका प्रति झर्कनु, चिच्याउनु कत्तिको कुशल अभिभावकको दायित्व हो । अभिभावकले आफ्ना कुरा लादेर बालबालिकाको मष्तिस्कलाई नियन्त्रणमा राख्न उपयुक्त हुदैन । लामो समय एकान्तमा बस्दा वा महामारीका समयमा मानिसमा तनाव हुने, बाहिर जान नपाउने हुँदा डर लाग्ने, आत्तिने, छटपटी हुने हुनु स्वभाविक भएकाले आफूलाई व्यस्त बनाएर दिमागलाई ठीक ठाउँमा राख्ने वातावरण सिर्जना गर्दै सिंगो परिवार प्रति नै नकारात्मक धारणा बढ्दै जान नदिन सावधानी अपनाउनु पनि अभिभावकको दायित्व हो ।

हामीले बालबालिकालाई कुनै रचनात्मक काम गरेर समय बिताउने,समूह मै सहभागी गराएर खेलाउने गर्न पनि गर्न सकिन्छ । सुत्ने, खाने, खेल्ने, मनोरञ्जन गर्ने, योग गर्ने समय नियमित तर्जुमा गरी व्यस्त बनाउने, विद्युतीय सामग्री र सामाजिक सञ्जालमा धेरै नझुल्न बरु पिनायो,मादल लगाउतका बाध्यबादनको सामग्री बजाउन सिकाउने,लगाउने,लुडो, चेस पनि खेलेर समय बिताउन सकिन्छ ।

सामाजिक सञ्जालमा महामारीका समयमा बालबालिकाको दिमागमा असर हुने खालका सामाग्री तथा समाचार आइरहने हुँदा त्यस्तोबाट टाढा रहन आग्रह गर्दै बालबालिकालाई नियमित सिर्जनशील बनाउन अभिभावकले ध्यान दिनु जरुरी हुन्छ । यो समयमा पारिवारिक मिलन, सन्तुलन र एक आपसमा माया ममता बाँडीचुँडी गर्दै सम्यमताका साथ रमाईलोसंग बस्यौं भने कोरोनाको संक्रमणबाट बाँच्न र बचाउन मात्रै होईन अहिलेसम्म सबै परिवार मिलेर नगरेका अन्य धेरै किसिमका कामहरू गरी फरक पारिवारिक जीवनशैली र संस्कारबाट अघि बढ्ने अवसरको रुपमा पनि लिने गर्नु पर्दछ । आफुले पठनपाठन गर्ने विद्यालय बन्द भएको कारणले घरमा बस्न बाध्य बालबालिकाहरूलाई सिर्जनशील बनाउने वा झर्केर उनीहरूलाई मनोसामाजिक समस्यामा पार्ने अभिभावक बन्ने रोजाई स्वयम् अभिभावकको हो भन्ने कुरा हेक्का राख्नुपर्दछ । असहज परिस्थितिमा कसरी सकारात्मक अभिभाक बन्न सकिन्छ भन्ने थाहा नभएको अवस्थामा अधिकांस अभिभावकहरू नचाँहदा नचाँहदै,नजान्दा नजान्दै आफ्ना बालबालिकालाई पीडा पुराईरहेका हुन सक्छौं यस्तो बिषम परिस्थितिमा हरेक अभिभावकले आफ्ना बालबालिकाहरू कहाँ के गर्दै छन् भन्ने बारेमा चनाखो हुनु पनि पारिवारिक बोध तथा अभिभावकत्व हो । कोरोनाले मानव जीवनमा पारेको नकारात्मक असरको समाचार सुनि बालबालिकाकै सामुन्ने आत्तिने, नराम्रा शब्दहरू प्रयोग गर्ने,ओहो अब त खत्तम हुने भो जस्ता नकारात्मक र निराशाजनक शब्दहरू बालबालिकाको सामु प्रयोग गर्नाले मनोसामाजिक समस्या हुनबाट पनि सक्छ त्यसैले अभिभावकहरूले बालबालिकालाई सकारात्मक कुराहरूको बारेमा बताउने गर्नुपर्दछ ।

शरिरीक अवस्था र उमेरका आधारमा प्रसस्त पानी,पोषणयुक्त,हरियो तरकारी,साग, दुध र घरायसी खाजाको महत्व र पोषणयुक्त व्यवस्थित खानपानले मानव जीवनमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका बारेमा बालबालिकालाई बोध गराई रोग प्रतिरोधात्मक क्षमता बढाउने र स्वास्थ्य भएर बाँच्न पोषिलो र सन्तुलित खानाको महत्वपूर्ण योगदान हुने बारे बालबालिकालाई पनि अभिभावकको दायित्व हो । बाल अधिकारका पक्षहरू शारीरिक विकास, मानसिक विकास, बौद्धिक विकास र संवेगात्मक विकास हुने खालका खेलहरू मित्रवत व्यवहार गरी रमाईलो गर्ने पाउने अधिकारहरूलाई पनि ध्यान दिनु पर्ने हुन्छ । आफ्ना बालबालिकाका धेरै कुराहरू रुची, जिज्ञासा, मनोभावना बुझ्ने र नजिक हुनु संगै खेल खेल्दा उनीहरूका मन भित्रका कुरा बुझ्न सकिने र उनीहरूलाई हौसला पनि दिन सकिन्छ भन्ने कुरा अभिभावकले सदैब ख्याल गर्नु पर्दछ । कुशल अभिभावकले आफ्ना बालबालिकाहरूसंगै बसि कुन बेला पढ्ने, कुन बेला आफ्ना साथीहरूसँग नेटमा वा फोनमा कुरा गर्ने, कुन बेला खाने, कुन बेला खेल्ने, कुन बेला कथा भन्ने र सुन्ने, कुन बेला रचनात्मक कृयाकलापहरू जस्तै नाँच्ने, गाउने, चित्रकला, कविता, लेख, रचना, कथा बनाउने लगायतका कुराहरू समावेश गरी उनीहरूकै सहभागितामा दैनिकी बनाउन प्रयास गर्न गर्नुपर्दछ । अभिभावक नै बालबालिकाको पहिलो साथी हुन् भन्ने बालबालिकालाई बोध गराउनु पर्ने समेत हुन्छ । बाल मनोविज्ञानमा पनि बालबालिकाको मनको कुरा बुझ्न अभिभावकले पनि बालबालिकाले झै व्यबहार गर्नुपर्दछ । बालबालिकालाई मन पर्ने सिप सिकाउने र बालबालिकालाई उचित रुपमा सामाजिकिकरण गर्नु अभिभावकको अर्को महत्जपर्णु उत्तरदायित्व हुन्छ । बालबालिकालाई सिर्जनात्मक र स्वाबलम्बी बनाउन,उनीहरूलाई नैतिकवान र व्यवहारिक बनाउनका लागि आफू सँगसंगै घरका सामान्य भान्साको काम चिया पकाउने, दुध उमाल्ने, तरकारी काट्ने, खाना बनाउने, करेसाबारीको काममा लगाएर पनि बालबालिकाहरूलाई जोखिम हुनबाट जोगाउन सकिन्छ । शारीरिक र मानसिक रुपमा स्वास्थ्य हुन व्यायाम आवश्यक हुन्छ भन्ने बारेमा अभिभावकले उनीहरूलाई बोध गराउदै दैनिकी बनाउँदा यसलाई समेत अभिभावकले विशेष ध्यान दिन जरुरी हुन्छ । बालबालिकासँग बढी घुलमिल भई उनीहरूको विचार, ईच्छा र आवश्यकताको आधारमा सघाउन सकिन्छ । टिभी हेर्ने र मोबाईलमा गेम खेलेर एक्लोपन महसुस गरिरहेका बालबालिकाको लागि शारीरिक व्यायाम र योग गर्ने गर्नाले उनीहरूमा स्फुर्ति पैदा भई संयम, सालिन र आटिलो व्यक्तित्व बन्न उत्प्रेरणा दिने साथै बालबालिकासँग नजिकमा रहेर अहिले बालबालिकाहरू रुचाउने र अधिकाशं समय बिताउने संचार माध्यमहरू अनलाईन र ईन्टरनेटबाट हुने संम्भावित जोखिमको बारेमा समेत जानकारी गराई जोगाउन सकिन्छ ।

दिनभर बालबालिकाहरूलाई एक्लै नछाडने,सकेसम्म पाको मान्छेसँगै राख्ने,बरु, खेत बारी वा बाहिर जाँदा आफ्नो बालबालिकाहरूलाई सँगै लिएर जाने,बालबालिकालाई समय दिने,सँगै खेल्ने बालबालिकालाई घरमा मातृ भाषामा बोल्न सिकाउने गरेर पर्ना बालबालिकाहरूलाई जोखिमबाट जोगाउन सकिन्छ । बालबालिकामा पर्न सक्ने समस्या र जटिलताको अन्त्यको लागि हरेक अभिभावकले आफ्ना बालबालिकासँग भावनात्मक रुपमा नजिक हुनै पर्दछ । उनीहरूले वास्तविक समस्या थाहा नपाएको अवस्थामा हामी अभिभावक उनीहरूबाट भावनात्मक रुपमा टाढा हुन पुग्छौं । उनीहरूलाई माया गरेर सम्झाउन र बुझाउन सकिन्छ भन्ने भावना लिनुपर्दछ र यसो गर्न सक्नु पारिवारिक सकारात्मक उत्तरदायित्व र अभिभावकत्व हो ।

# माग पूरा गराउने ठूलो केदार मन्दिर




भक्तहरुले श्रद्धापूर्वक पुकार गरेर जे मागे पनि पूरा गरिदिने ठुलो केदारको मन्दिर नेपालको डोटी जिल्लामा रहेको छ । यो मन्दिरलाई सुदूर पश्चिमकै प्रख्यात मन्दिर मनिन्छ । ठूलो केदारलाई गौतम गोत्रिय चन्दहरूले कुल देवताको रुपमा पूजा गर्दछन् । यो मन्दिर डोटी बोगटानमान्ना कापडी गाउँ विकास समितिको पूर्वउत्तर, ।

धिर्कमाण्डौ र सातफेरी गाउँ विकास समितिको दक्षिण,लाना केदारेश्वर गाउँ विकास समितिको उत्तर र सिमचौर गाउँ विकास समितिको उत्तरवाट पश्चिमको शिखरगरी । पाँच गाउँ विकास समितिको बीचमा पर्ने २८९१ मिटरको अग्लो केदारेश्वर लेकमा भगवान ठूलाकेदार विराजमान रहेकाछन् । यो क्षेत्र उपल्लो वोगटानमा पर्दछ । डोटी जिल्लामा केदारका मन्दिर माडौं पौराणीककाल देखिनै प्रत्येक स्थानमा रहेको मान्यता छ । यी सबैको मूलस्थान ठूला केदारलाई मानिन्छ ।

डोटी वोगटान लानाकेदारेश्वरको उत्तरको लेकको पहरोको चुचुरोमा केदारको शिला रहेको छ । यो शिला दुई ठूला ढुङ्गाको बीचमा अलि समथर स्थानमा छ । ब्राह्मणहरूले यसगाथमा उक्लने सिडीभन्दा तल दुई ढुङ्गाको बीचमा बाटोको वरपर वडारमा बसेर केदारको पाठपूजा गर्ने गर्दछन् । यस जात्राको देउरामा आएका चोखा जातका धामी मात्र गाथमा गएर नाँच्ने गर्दछन् । अन्य जातका मानिसहरू अर्को एउटा ठूलो ढुङ्गा माथिमा गएर नाँच्ने गर्दछन् । यिनै केदारका पुत्र कार्तिकेय मोहन्याल मानिन्छन् ।

# टिमुरका औषधीय गुण



प्रायः भान्सामा प्रयोग हुने टिमुरबारे सवै परिचित भए पनि यसमा पाइने औषधीय गुणका विषयमा जो कोहीलाई थाहा नहुन सक्छ । जाडो मौसममा टिमुरको प्रयोग स्वास्थ्यका लागि निकै उपयोगी हुन्छ । यसले वाह्य तापमानसँग शरीरको सन्तुलन मिलाउन मदत गर्छ । साथै टिमुरले रोगप्रतिरोधात्मक क्षमता पनि बढाउँछ । टिमुर स्वादका लागि मात्र नभइ ओखतीको रुपमा समेत काम गर्छ । नेपालको महाभारत पर्वत शृंखलाको १२०० देखि २५०० मिटर सम्मको उचाईमा पाइने टिमुरका बोट खुला तथा पाखो बारीमा उम्रिएका हुन्छन् । यसको व्यावसायिकरुपमा समेत खेती गर्ने गरिएको पाइन्छ । बोट भरीनै केही चेप्टो परेको तीखो काढाहरू हुन्छन्। टिमुरको डाँठको दुबैतिर ससाना दुई देखि छ जोडीसम्म तीखो टुप्पो भएका पातहरू पलाएका हुन्छन् ।

टिमुरको फल स(साना, राता, चार देखि पाँच मिलीमिटर ब्यासका हुन्छन। फलको स्वाद तितो, पिरो, हुनुका साथै जिब्रो पर्पराउने हुन्छ । यी फलहरूबाट वास्ना पनि आउँछ। काँचोमा हरियो हुने यसको फल पूर्णरुपमा पाकीसकेपछि रातो रङ्गमा परिणत हुन्छ । धेरै पाकेमा फल आफै फुट्दछ र फल भित्रको कालो रङ्गको बियाँ बाहिर निस्किन्छ।

नेपालमा टिमुरको प्रयोग मसलाको रुपमा गरिन्छ। विशेष गरी अचार बनाउन यो बढी प्रयोग गरिन्छ । जंगली जुका फाल्न, पेटको बिकार फाल्न, जैबिक बिषादि बनाउन आदि काममा समेत टिमुरको प्रयोग गरिन्छ। यसको फल, रुखको बोक्रा, फूललगाय सवै भागलाई दन्तमन्जन, साबुन, अत्तर आदि बनाउनको लागि पनि प्रयोग गरिन्छ ।

आयुर्वेदिक प्रणाली अनुसार दाँत दुखेको, पेटको बिकार, ज्वरो, हैजा हटाउन लगायतका बिमारमा टिमुरको प्रयोग गरिन्छ । टिमुर वायुशमन गर्ने प्रकृतिको हुन्छ । शरीरलाई उर्जा तथा तागत दिने औषधिको रूपमा प्रयोग हुन्छ । खानामा नियमित टिमुरको मात्रा मिलाउँदा शरीरमा ताप प्राप्त हुन्छ । जोडो मौसममा बढी लाभदायी हुन्छ । हाडजोर्नी दुख्दा, पेट दुख्दा र लेक लाग्दा (हाई अल्टिच्युड)को औषधिका रूपमा समेत टिमुरको प्रयोग गर्न सकिन्छ । आधुनिक औषधि विज्ञानले समेत टुथपेस्टलगायतका औषधिको निर्माणमा टिमुर प्रयोग गरेको पाइन्छ ।आँखाको दृष्टि कम भएका मानिसले नियमित रुपमा टिमुरको प्रयोग गर्दा लाभदायक हुन्छ । न्यून रक्तचाप भएका व्याक्तिलाई पनि टिमुरले निकै फाइदा पुर्या उने गर्छ ।

गाउँ घरमा अझै पनि हात खुट्टा मर्किएमा टाउको दुखेमा र पिनास भएको बेला टिमुरको तेलले मसाज गरि निको गराइन्छ । टिमुलको फलको बोक्राबाट तेल तयार पारिन्छ । यस्तो तेल सुगन्धित हुने गर्छ । टिमुरमा फस्पोरसको मात्रा पनि हुने भएकाले हाडको लागि पनि निकै उपयोगी हुन्छ । कम भोक लाग्ने समस्या छ भने पनि टिमुरको प्रयोग गर्दा हुन्छ । यसले भोक जगाउने काम गर्छ । टिमुरले क्यान्सरको सम्भावनालाई पनि कैयौं गुणा कम गर्ने काम गर्छ । त्यस्तै, यसले पेटमा लाग्ने बिभिन्न किरा तथा जुकाहरूलाई मार्नको लागि पनि सहयोग पुऱ्याउँछ ।

यो विशेष गरी पाचनक्रिया कमजोर हुने विमारको सफल औषधी हो । यसले मन्दाग्नि, अपच, आऊ र यस्तै समस्याको कारणले पेटमा हुने वायुशूलमा उत्तम औषधीको काम गर्दछ । पेटमा हुने क्रिमि (किरा) को संक्रमणलाई पनि यसले धेरै हदसम्म ठिक गर्छ ।

टिमुरले सेवनले यकृत (लिभर) बलियो हुने र जठराग्नि पाचनक्रियामा सुधार आउने तथा पाचनक्रिया आदिको कारणबाट अनुहारमा आएको शोथ (फुल्ने समस्या) ठिक हुने गर्छ । यसको सेवन मिश्री काँढासँग र बेलको शर्वतसँग सेवन गर्न उत्तम हुने आयुर्वेदमा उल्लेख गरिएको छ ।

हैजाको संक्रमण चलेको समयमा यो निकै उपयोगी मानिन्छ । कथंकदाचित हैजाको विमारीको उपचारको लागि अस्पताल तथा चिकित्सकको व्यवस्था मिल्न गाह्रो भए यसको फल वा जराको बोक्रालाई पानीमा पकाएर बनाएको रस वा काँचो बोक्रालाई थिचेर निकालिएको रस बिमारीको उमेरलाई हेरी मात्रा मिलाएर सेवन गराउँदा लाभ हुन्छ । ज्वरो एवम् कफको विमारमा शरीरमा पसिना उत्सर्जन गरी शरीरलाई हल्का बनाउन यसको पातको स्वरस वा जराको बोक्राको रसलाई पकाएर बनाइएको रस सेवन गर्न आयुर्वेदले मार्गदर्शन गरेको छ । यसमा विद्यमान उत्तेजक तत्त्वको प्रभावले शरीरमा पसिना निकाल्न मद्दत गर्दछ र ज्वरो एवम् कफको समस्याबाट मुक्ति दिलाउँछ ।

टिमुरको ताजापातलाई पिसेर चामलको पिठोसँग मिलाएर गरम गर्ने र गलामा बाँध्नाले गलाको सूजन हट्दछ ।

टिमुरको सेवनले घाऊ खटिरामा पनि फाइदा पुर्याउने गर्छ। टिमुरको फल खुवाउने, यसको चूर्णलाई घाऊमा छर्कने र यसको बोक्रा (जराको बोक्रा)को रसले घाऊ धुनाले निकै लाभ हुन्छ । जडिबुटी शास्त्रका अनुसार गठिया वाथमा पनि यसको जराको बोक्रालाई पानीमा पकाएर पिलाउनाले निकै फाइदा पुऱ्याउने गर्छ । यसको हाँगा बिँगा वा काँडालाई पानीमा पकाएर त्यसको पानीले कुल्ला गर्नाले दाँतको पीडा हट्ने र हाँगाले दाँत मल्नाले दाँत निर्मल हुने गर्छ ।

मन-मस्तिष्क, पागलपन, रगत सम्बन्धित समस्या आदिमा पनि यो निकै उपयोगी मानिन्छ । वाथ, अर्बुद, उदररोग, आँखा, कान र ओंठको रोग, शिरको बोझ, दम, पिसासम्बन्धी रोग आदिमा यसको औषधीय प्रयोग गर्न सकिन्छ ।

मात्राः सामान्यतया वयस्क व्यक्तिको लागि यसको फलको मात्रा २ देखि ५ र जराको बोक्रा १ देखि २ तोलासम्मलाई लिन सकिन्छ ।

# सधैं तनावयुक्त इजरायल-प्यालेस्टाइन सम्बन्ध



विष्णु भट्टराई

इजरायल र प्यालेस्टाइन दुई राज्य सिद्धान्तका केही प्रयास भए पनि त्यसले सार्थकता पाउन सकेको छैन। दुवै राज्यका जनताको चाहना पनि यही हो। केही प्यालेस्टाइनी पश्चिम किनारा र गाजापट्टिलाई भविष्यको आफ्नो राज्यका रूपमा मान्दछन्। जसलाई केही इजरायलीले पनि स्वीकार गर्दछन्। दुई राज्यलाई एकसाथ वा द्विराज्य सिद्धान्तको लडाइँ नै इजरायल-प्यालेस्टाइन संघर्ष हो।

ह्वाइट हाउसले इजरायलको बस्ती बसाउने निर्णयले शान्ति स्थापनामा असहयोग पुऱ्याउने दाबी गरेको छ। यसलाई ह्वाइट हाउसले दुई सातामा लिएको यू-टर्नका रूपमा हेरिएको छ। इजरायललाई आँखा चिम्लिएर समर्थन गरिरहेको ह्वाइट हाउसले त्यसको केही समयपछि नै शान्ति स्थापनामा इजरायली कदम बाधक बन्ने बताएको हो। गत डिसेम्बरमा ओबामा प्रशासनले यही तर्कका आधारमा राष्ट्रसंघ सुरक्षा परिषद्मा भएको इजरायली बस्ती विस्तार योजनालाई स्थगित गर्न आदेश दिने प्रस्तावको समर्थन गरेको थियो। अन्तर्राष्ट्रय कानुनअनुसार पनि अवैध रूपमा बसाइएका बस्ती शान्तिका लागि बाधक हुन नहुने ह्वाइट हाउसले बताउँदै इजरायली बस्ती विस्तारलाई समर्थन गरिरहेको थियो। पश्चिमी किनारामा इजरायलले बसालेको अवैध बस्ती यस क्षेत्रको हिंसाका कारण र इजरायल र प्यालेस्टाइनबीचको सम्बन्धमा समेत बाधकका रूपमा रहँदै आएको छ।

यस क्षेत्रमा बनाइएका १ सय ४० बस्तीमा ६ लाखभन्दा बढी यहुदी बस्दै आएका छन्। इजरायलले सन् १९६७ देखि पश्चिमी किनारा र पूर्वी जेरुसेलममा अवैध बस्ती बसाएको थियो। यी बस्ती अन्तर्राष्ट्रय कानुनविपरीत भए पनि यसलाई इजरायलले अस्वीकार गर्दै आएको छ। पछिल्लो समय ट्रम्प राष्ट्रपतिमा निर्वाचत भएसँगै सधैं साथमा रहँदै आएको ओबामा प्रशासनले इजरायलको साथ छाडेको थियो।

ओबामा प्रशासनले साथ छाडेपछि ट्रम्पले साथमा लिएर अगाडि बढ्ने अभिव्यक्ति दिएका थिए। मंगलबार मात्र इजरायलले यस क्षेत्रमा नयाँ बस्ती बसाल्न र हजारौं घर बनाउने निर्णय गरेको थियो। बुधबार मात्र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले थप बस्ती बसाल्ने घोषणा गरेका थिए। यता, इजरायली सरकारले थप बस्ती बसाल्ने निर्णय गरे पनि त्यहाँको अदालतले इजरायलले प्यालेस्टाइन भूमिमा अनधिकृत बस्ती बसालेको भन्दै खाली गर्न दिएको आदेश पालनका लागि त्यहाँका सुरक्षा निकाय बस्ती हटाउँदै छन्।

इजरायलले अनधिकृत रूपमा कब्जा गरी बस्ती बसालेको प्यालेस्टाइनको सो भूभागमा बसिरहेका मानिसलाई ४८ घन्टाभित्र बस्ती खाली गर्न मंगलबार आदेश दिएको थियो। बुधबारबाट त्यहाँको सैनिकले पश्चिमी किनाराको अमोनामा बस्ती खाली गराउन लागि परेको छ। अवैध रूपमा बनेका भौतिक संरचना भत्काउँदै इजरायली सैनिक बस्ती खाली गराउँदै छ।

इजरायलले प्यालेस्टाइनकै अर्को स्थान 'पश्चिमी किनारा' मा थप ३ हजार घर निर्माण गर्ने घोषणा गरेको छ। इजरायलले पश्चिमी किनारामा बस्ती निर्माण गर्ने घोषणा गरेको यो चौथोपटक हो। गत महिना इजरायलको उच्च अदालतले बस्ती खाली गर्न दिएको आदेश रोकिएसँगै इजरायली रक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ, 'रक्षामन्त्री एभिग्डोर लिबर्म्यान र प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आधिकारिक रूपमा जुदी-सामारिया ३ हजार नयाँ घर निर्माण गर्ने निर्णय गरेका छन्।' इजरायलले सन् १९६७ देखि प्यालेस्टाइनको पूर्वी जेरुसेलम र पश्चिमी किनारा कब्जा गरी बस्ती बसाउने कार्य थालेपछि सो क्षेत्रमा हिंसात्मक घटनाहरू भइरहेका छन्।

अमोनामा बसिरहेका मानिसले थप घरहरू बनाउन थालेसँगै त्यहाँका प्यालेस्टाइन समर्थकहरूले विरोध गरेका थिए। उनीहरूको विरोधसँगै बस्ती खाली गर्ने निर्णय अगाडि बढेको थियो। अधिकांश विश्वले पश्चिमी किनारमा बसेको बस्ती अवैध भएको भन्दै आएको छ। गत डिसेम्बरमा मात्र राष्ट्रसंघ सुरक्षा परिषद्ले इजरायललाई बस्ती निर्माण कार्य रोक्न निर्देशन दिए पनि इजरायलले अटेर गर्दै थप बस्ती बसाउने योजना ल्याएको हो।

ट्रम्पले इजरायली नीतिलाई समर्थन गरेपछि त्यसको फाइदा उठाउँदै नेतान्याहुले एकपछि अर्को गर्दै बस्ती बसाउने निर्णय गरेपछि हौसिएका नेतान्युलाई शुक्रबार मात्र जारी ह्वाइट हाउसको अभिव्यक्तिले उनलाई असर पर्ने देखिन्छ। इजरायलले यसरी बसाएका पूर्वी जेरुसेलम र पश्चिम किनाराका अवैध बस्तीहरूमा करिब ५ लाख यहुदीहरूको बसोबास छ। सन् १९६७ को मध्यपूर्वको युद्धपछि इजरायली सेनाले हस्तक्षेप गरी प्यालेस्टाइनी क्षेत्र पूर्वी जेरुसेलम, पश्चिम किनारा र गाजापटीलगायतका क्षेत्रमा यहुदीहरूको सामूहिक बस्ती निर्माण कार्य सुरु गरेको हो।

शताब्दिऔंसम्म यहाँ कुनै द्वन्द्व थिएन। १९औं शताब्दीसम्म प्यालेस्टाइनभूमि जातीय तथा धार्मिक विविधतायुक्त थियो। ८६ प्रतिशत मुस्लिम, १० प्रतिशत क्रिस्चियन र ४ प्रतिशत यहुदीहरूको बसोबास रहेको यो भूमि १९औं शताब्दीदेखि रणमैदानका रूपमा विकास हुँदै गयो। १९औं शताब्दिदेखि यहुदी अतिवाद हाबी हुँदै गयो। उनीहरूको लक्ष्य भनेको यहुदी बस्ती बसाल्नु थियो। सुरुमा उनीहरूको आप्रवासनले यहाँ कुनै समस्या निम्त्याएन। क्रमिक रूपमा उनीहरूको जनसंख्यामा वृद्धि हुँदै गयो। द्वन्द्व चर्किंदै गयो। यो द्वन्द्वले समग्र मध्यपूर्वलाई अशान्त पारेको छ।

पहिलो विश्व युद्धपूर्व मध्यपूर्वको यो भूमि अटोमन साम्राज्यका रूपमा थियो। अटोमन सिरिया (प्यालेस्टाइनको भूमिसहित) अटोमन शासकले ४ सय वर्षसम्म यो भूमिमा राज गरेका थिए। यही भूमिमा जियोनिस्टहरूको आन्दोलन चर्कियो। प्यालेस्टाइनमा जियोनिस्टहरूले आफ्नो ऐतिहासिक भूमि घोषणा गर्दै त्यसलाई इजरायलको भूमिका रूपमा घोषणा गर्दै विश्व जियोनिस्ट संगठन र जिउज राष्ट्रिय कोषले अटोमन सम्राज्य र ब्रिटिस साम्राज्यको अधीनमा रहेको प्यालेस्टाइन भूमि किन्दै यहुदी आप्रवासीहरूको बस्ती बसाल्न सुरु गरेका थिए।

प्यालेस्टाइन भूमिमा यहुदीहरूको जनसंख्या बढ्दै जाँदा यस भूमिमा यहुदीहरूको व्यवसाय तथा आप्रावासीहरूको संख्या बढ्यो। त्यहाँका स्थानीय आदिवासी तथा अरब मूलका मानिस अल्पमतमा पर्न थाले। सन् १८९२ मा अरब मूलका बासिन्दाहरूले आन्दोनल सुरु गरे। अटोमन शासकले प्यालेस्टाइनभूमि विदेशी नागरिकका लागि बिक्री गर्न रोक लगायो। यतिबेलासम्म प्यालेस्टाइनको जनसंख्या ६० हजार थियो, जसमध्ये ३३ हजार आप्रवासीको संख्या पुगको थियो।

दोस्रो विश्व युद्धकै क्रममा वालफोर घोषणा भयो। यस सन्धिमा बेलायत र फ्रान्सको प्रभाव थियो। यो घोषणाले आप्रवासीहरूको समर्थन र प्यालेस्टाइनमा यहुदीको बस्ती बनाउने कुराको समर्थन गऱ्यो। त्यस्तै, यहुदीबाहेकका अल्पसंख्यक समुदायका नागरिक तथा मानवअधिकारको रक्षाका पक्षमा यो घोषणा भएको थियो। पहिलो विश्वयुद्धकै क्रममा मध्यपूर्वको अटोमन साम्राज्यले बेलायत र फ्रान्ससँग लड्न जर्मनीसँग आपसी रक्षा सन्धि गऱ्यो। उसले बेलायत र फ्रान्स विरोधी शक्तिसँग हात मिलायो। यही अवस्थामा प्यालेस्टाइनमा रहेका यहुदी तथा अरब मूलका बासिन्दाले अटोमन साम्राज्यबाट मुक्त हुन बेलायत फ्रान्स र रुस सम्मिलित ध्रुवको समर्थन गरे।

सन् १९१५ मा अरब, ग्रेट अरब रिभोल्ट सुरु भएको थियो। सन् १९१६ मा भएको एंलो फ्रेन्च पिकोट सन्धिले बेलायत साम्राज्यलाई अहिलेको जोर्डन, इजरायल, प्यालेस्टाइन र इराकको भूमि दियो। वालफोर घोषणाले यहुदी बस्तीका लागि जोडर्न नदीको दुवै किनारमा बस्ती बसाल्न समर्थन गरको थियो। सन् १९१७ मा अटोमन टर्किस शक्तिलाई बेलायतले पराजित गर्दै प्यालेस्टाइन आफ्नो अधीनमा लियो। यो भूमि बेलायती सैनिकको शासनमा युद्ध अवधिभर रह्यो।





विश्व यहुदी संगठनका भावी अध्यक्ष चाइम विजमान र इराकका भावी राजा फैसल पहिलोले सन्धिमा हस्ताक्षर गरी मध्यपूर्वमा आपसी समझदारीका लागि तयार भए। फैसलाले वालफोर घोषणा स्वीकार गर्दै प्यालेस्टाइनमा यहुदीहरूको बस्ती बसाल्न सहमत भए। यो घोषणाले सिरियन अरब नेस्नलिस्ट मोभमेन्टलाई अस्वीकार गऱ्यो।

पहिलो विश्वयुद्धको समाप्तिसँगै प्यालेस्टाइन र ट्रान्स जोर्डन क्षेत्र हालको इजरायल, जोर्डन पश्चिमी किनारा, र गाँजापट्टि बेलायतको अधीनमा आयो। यो क्षेत्रमा बेलायतको शासनकालमा सन् १९१९ देखि १९२६ सम्ममा ९० हजार आप्रवासीहरू प्यालेस्टाइनमा पुगे। यो समयमा युक्रेनमा यहुदीहरूमाथि आक्रमण बढ्यो। करिब १ लाख यहुदीहरू मारिए। त्यसैको प्रभावमा प्यालेस्टाइनमा यहुदी आप्रवासीहरूको संख्या बढ्दै गयो। यो संख्या जर्मनीमा नाजी शासनशक्तिमा आएपछि दोब्बर बढेर गयो।

प्यालेस्टाइनमा यहुदीहरूको जनसंख्या बढ्दै गएपछि अरब मूलको जनसंख्या अल्पमतमा पर्न थाले। आप्रवासीको संख्या बढ्न थालेसँगै त्यहाँका आदिवासी अरब मूलका बासिन्दाले आफ्नो भूमि बेच्न अस्वीकार गर्न थाले। यसले अरब आन्दोलनको बीउ रोपियो। यहुदीहरूविरुद्ध यस भूमिमा पहिलोपटक जाफ्रा आन्दोलन भएको थियो। यो आन्दोलन ब्रिटिस साम्राज्यविरुद्ध सुरु भएको हो। सन् १९३६ मा प्यालेस्टाइन विदेशी साम्राज्य र उपनिवेशविरुद्ध आन्दोलित भयो। यो आन्दोलन दोस्रो विश्वयुद्ध समाप्तिसम्म रह्यो। अप्रिलमा अरब मूलका समुदाय र यहुदीबीचको सामान्य विवादले सुरु भएको यो आन्दोलनले ठूलो रूप लियो। यो आन्दोलनले राजनीतिक दलको जन्म दियो। जेरुसेलमका मुफ्ती अल हज अमिन अल हुसेनीको नेतृत्वमा गठन भएको अरब हाइयर कमिटिले राष्ट्रिय सरकार गठनको माग गर्दै स्थानीयहरूलाई यहुदी आप्रवासीविरुद्ध लड्न आह्वान गर्दै आमहडतालको घोषणा गऱ्यो। आन्दोलन उत्कर्षमा पुग्दै गर्दा हिंसा भड्कियो। प्यालेस्टाइनमा रहेका ब्रिटिस सैनिक तथा प्रहरी चौकीमा आक्रमण हुन थाले। सडक ठप्प भए। रेलमार्ग र पाइपलाइन पनि अवरोध भयो। आन्दोलनसँगै सरकार असफल भयो। बेलायतले छानबिनका लागि शाही आयोग गठन गर्दै आन्दोलनलाई सम्बोधनको प्रयास गऱ्यो।

आन्दोलनमा १ हजार बढी मानिसले ज्यान गुमाएको छानबिन आयोगले जनाएको थियो। ब्रिटिस साम्राज्यले हिंसा अन्त्यका लागि बल प्रयोगलाई प्रोत्सहान दियो। आन्दोलनमा नेतृत्व गर्नेलाई पक्राउ गरी देश निकालियो। आन्दोलनको नेतृत्व गर्ने मुफ्ती भागेर लेबनान पुगे। त्यहाँदेखि उनले आन्दोलनकारीलाई परिचालन गर्न थाले। आन्दोलन नरोकिएपछि बेलायतले गठन गरेको पिल कमिसनले सन् १९३७ मा प्यालेस्टाइनलाई दुई राज्यमा विभाजन गर्ने प्रस्ताव गऱ्यो। एउटा अरब राज्य अर्को यहुदी राज्य।

यहुदी राज्यमा जोर्डन नदीको किनाराका समथर भूमि, जर्जिल उपत्यका गलिलीलगायतका भूभाग प्रस्ताव गरियो भने अरब राज्यमा ट्रान्स जोर्डन क्षेत्र, जुडेअ, सामारिया, जोर्डन उपत्यका र नेगेभ रहने प्रस्ताव गरिएको थियो। यहुदी समुदायले आयोगको यो प्रस्तावलाई स्वीकार गरे पनि अरब समुदायले भने यसलाई अस्वीकार गऱ्यो। उनीहरूले आफ्नो कुनै पनि भूभाग यहुदीलाई दिन चाहेनन्। पिल आयोग अस्वीकृत भएसँगै बुडहेड कमिसन गठन भयो। यसले पनि समाधान दिन सकेन।

सन् १९३९ मा ब्रिटिस सरकारले नयाँ नीति अख्तियार गर्दै प्यालेस्टाइनलाई एक राज्यका रूपमा राख्ने र यहुदीहरूको आप्रवासन नियन्त्रण गर्दै जाने निर्णय गऱ्यो। यहुदीहरूलाई प्यालेस्टाइन प्रवेशका लागि कोटा प्रणाली लागू गरियो। यो प्रणालीले यहुदीहरूलाई प्यालेस्टाइनमा जमिन खरिदमा कडाइ गऱ्यो। यो प्रणाली ब्रिटिसको साम्राज्य यस क्षेत्रमा रहँदासम्म कायम रह्यो। दोस्रोविश्व युद्ध सुरु भएसँगै ब्रिटिस साम्राज्य प्यालेस्टाइनबाट पछि हट्यो, तर पनि यहाँको हिंसा रोकिएन।

दोस्रा विश्वयुद्धका समयमा प्यालेस्टाइन आन्दोलनले अरब नेतृत्व र जर्मनीसँग हात मिलायो। यसबापत जर्मनीले प्यालेस्टाइनबाट यहुदीलाई निकाल्ने वचन दिएको थियो। दोस्रो विश्वयुद्धसँगै त्यहाँका यहुदी संगठित भएर हतियार उठाए। उनीहरूले ब्रिटिस आन्दोलनमा हजारौं सर्वसाधारणहरूले ज्यान गुमाए। उनीहरूले बेलायती सैनिकविरुद्ध आक्रमण थाले। यस क्रममा युरोपका आप्रवासी यहुदी प्यालेस्टाइन प्रवेश गर्न थाले। सन् १९४६ र ४७ का बीचमा करिब ७० हजार यहुदीहरू प्यालेस्टाइन भूमिमा प्रवेश गरे।

१४ मे १९४८ मा प्यालेस्टाइनका यहुदी समुदायका नेता यिसुभको नेतृत्वमा इजरायलले स्वतन्त्रताको घोषणा गऱ्यो। उनीहरूले प्यालेस्टाइनको यहुदी राज्यलाई स्वतन्त्र इजरायल बनाउने घोषणा गरे। संयुक्त राष्ट्रसंघको सिद्धान्तअनुरूप आफूलाई स्थापित गर्ने घोषणासहित इजरायल छुट्टिएसँगै इजरायल र अरबबीच युद्ध सुरु भयो। अरबका पाँच राष्ट्रले प्यालेस्टाइनको पुरानो भूमि तेलअभिभमा हवाई आक्रमण गरे। लेबनान, सिरिया, इराक, र इजिप्टबाट अरबी सेनाहरूले इजरायलमाथि धावा बोले। साउदी अरबले आफ्ना सैनिक इजिप्टको कमान्डमा युद्धमा पठायो। यही युद्धसँगै इजरायललाई अमेरिकाले साथ दिन थाल्यो। यहुदीहरूले राष्ट्रसंघले यहुदीका लागि छुट्ट्याएको भूमि मात्र नभई प्यालेस्टाइनका लागि छुट्ट्याइएको भूमिसमेत नियन्त्रणमा लिन थाल्यो। इजरायलले एकपछि अर्को गर्दै प्यालेस्टाइनको पक्षमा लडिरेका अरब राष्ट्रसंघ सन्धि सम्झौता गर्दै गयो।

सन १९६४ मा जेरुसेलममा प्यालेस्टाइन स्वतन्त्रता संगठन (पीएलओ)को गठन भयो। प्यालेस्टाइनमा अन्य अरब राष्ट्रको स्वार्थविरुद्ध गठित भएको यो संगठन बलियो हुँदै गयो। यसको मुख्य उद्देश्य भनेको अरब साम्राज्यबाट प्यालेस्टाइनलाई स्वतन्त्र बनाउनु थियो। यो संगठन गठन भएसँगै विस्तापित भएका प्यालेस्टाइन नागरिकहरू प्यालेस्टाइन फर्किन थाले। सन् १९६७ जुनमा इजरायलले इजिप्ट, सिरिया र जोर्डनविरुद्ध संघर्ष सुरु गऱ्यो। ६ दिन लामो युद्धका क्रममा इजरायलले इजिप्टको सिनाई पेनिसुला, सिरियाको गोलान हाइटस् र जोर्डनको पश्चिमी किनारा नियन्त्रणमा लियो। यो युद्धका बेला साढे २ लाख प्यालेस्टाइन नागरिकहरू विस्थापित भए। १ सेप्टेम्बर १९६७ मा भएको अरब सम्मेलनले इजरायलाई राज्यका रूपमा अस्वीकार गर्दै 'तीन न' अवधारण अगाडि साऱ्यो, पहिलो राष्ट्रका रूपमा अस्वीकार, इजरायलसँगको वार्ता अस्वीकार र इजरायलसँगको शान्तिलाई अस्वीकार गर्ने नीति पास भयो।

सन् १९६९ मा यासेर अराफात पीएलओको अध्यक्षमा निर्वाचित भए। उनी अध्यक्षमा निर्वाचित भएसँगै प्यालेस्टाइनका सबै सैन्य शक्तिलाई पीएलओको अधीनमा ल्याए। १९७० को सेप्टेम्बरमा प्यालेस्टाइनको गुरिल्ला संगठनले जोर्डनको सत्ता ढलाउने प्रयास गऱ्यो। जोर्डनका राजा हुसेनले उनीहरूलाई निशस्त्र पार्न निर्देश दिए। यो गृहयुद्धमा हजारौं प्यालेस्टाइन नागरिकहरू मारिए। गृहयुद्धकै समयमा सिरियाले जोर्डनमाथि हमला गऱ्यो। प्यालेस्टाइन गुरिल्लाको पराजय र सिरियाली सेनाको फिर्तीपछि मात्र युद्ध शान्त भयो।

जियोनिस्टहरूको आन्दोलन चर्कियो। जियोनिस्टहरूले आफ्नो ऐतिहासिक भूमि घोषणा गर्दै त्यसलाई इजरायलको भूमिका रुपमा घोषणा गर्दै विश्व जियोनिस्ट संगठन र जिउज राष्ट्रिय कोषले अटोमन सम्राज्य र ब्रिटिस साम्राज्यको अधीनमा रहेको प्यालेस्टाइन भूमि किन्दै यहुदी आप्रवासीहरूको बस्ती बसाल्न सुरु गरेका थिए।

यो असफल प्रयासपछि जोर्डनमा रहेका पीएलओका नेताहरू लेबनान लागे। त्यहाँ उनीहरूले शरणार्थीका रूपमा शिविरमा बसिरहेका प्यालेस्टाइनहरूसँगै संगठन विस्तारको काम गरे। यहीबीचमा सन् १९७२ को ओलम्पिकमा सहभागी हुन जर्मनीको म्युनिखमा पुगेका इजरायली ११ एथलेटिक्स खेलाडीको हत्या भयो। प्यालेस्टाइनका गुरिल्ला समूहले उनीहरूको हत्या गरे। यो घटनाका दोषी २०० प्यालेस्टाइन गुरिल्लालाई इजरायली जेलमा बन्दी बनाइयो। साथै दुई जर्मनीका लाल सेनालाई जर्मनीको जेलमा बन्दी बनाइयो। यसले मध्यपूर्वको शान्तिमा थप असर गऱ्यो।

सन् १९७३ को अक्टुबरमा इजिप्टले इजरायलमाथि आक्रमण गऱ्यो। पूर्वी किनारामा आफ्ना सैनिकहरूमाथि इजिप्टले आक्रमण गरेसँगै इजरायल पश्चिम किनारामा पुग्यो। यो युद्धमा इजिप्टलाई सोभियत युनियन र इजरायललाई अमेरिकाले साथ दिएका थिए। सन् १९७३ मा युद्धको अन्त्य भयो, तर पनि इजरायल भने विजय भयो। सन् १९७४ मा यी दुई देशबीच शान्ति सम्झौता भयो।

सन् १९७४ मा भएको अरब लिगको सम्मेलनमा पीएलओले प्यालेस्टाइन जनताको प्रतिनिधिका रूपमा मान्यता पायो। यसका नेता यासेर अराफात लिगमा सहभागी भए। अरबका २० राज्य सहभागी भएको उक्त भेलामा पीएलओले प्यालेस्टाइनलाई अरब सैनिकबाट मुक्त गर्न माग गरे। जोर्डनले यसको विरोध गऱ्यो। अरब लिगले पीएलओलाई मान्यता दिएसँगै सन् १९७५ मा संयुक्त राष्ट्रसंघको महासभाले यहुदीहरूको संगठनलाई नश्लवादीको संज्ञा दियो।

९ डिसेम्बर १९८७ मा 'इन्तिफाडा' स्वतन्त्र प्यालेस्टाइनको यो अभियान जेरुसेलमका बीच भागमा पुग्यो। यहाँ इजरायली सरकारले यसको प्रतिकार गऱ्यो। तर, पनि यो अभियान सन् १९९३ सम्म जारी रह्यो। यो अभियान स्वतन्त्र प्यालेस्टाइनको झण्डा फराउने पहिलो कदमका रूपमा लिइन्छ। पीएलओले नेतृत्व गरेको यो अभियानमा हिंसा हुन थालेसँगै संयुक्त राष्ट्रसंघको पहलमा वार्ता भयो। इजरायल पीएलओलाई मान्यता दिन र पश्चिमी किनारा र गाँजापट्टिका केही भूभाग फिर्ता गर्न सहमत भयो।

यहीबीचमा प्यालेस्टाइन भूमिबाट इजरायललाई धपाउन भन्दै इजिप्टमा हमासको स्थापना भयो। सन् १९८७ मास प्यालेस्टाइनबाट विस्थापित भई पुगेका धर्म गुरु सेख अहमद यासिनले हमास स्थापना गरी इजरायलविरुद्ध युद्धको घोषणा गरे। पीएलओले प्यालेस्टाइनलाई स्वतन्त्रत घोषणको अभियान जारी राखेको थियो। पीएलओका अध्यक्ष यासेर अराफातले १५ नोभेम्बर १९८८ मा स्वतन्त्र प्यालेस्टाइनको घोषणा गरे। उनले प्यालेस्टाइनको सीमाबारे केही नुखलाईकन राष्ट्रको घोषणा गरेका थिए।

यद्यपि, त्यसबेला उनले संयुक्त राष्ट्रसंघको १९४७ को घोषणालाई साथ दिनेसमेत भनेका थिए। उनले परिकल्पना गरेको राज्यमा इजरायलले नियन्त्रणमा लिएको जोर्डन नदीको पश्चिमी किनारा, गाँजापट्टि, इजरायलले आफ्नो दाबी गर्दै आएको अरब क्षेत्रको जेरुसेलमलाई समावेश गरिएको थियो। प्यालेस्टाइन नेसनल काउन्सिलको बैठकमा मतदानमार्फत यो निर्णय पारित गरियो। यो बैठकलाई इजरायललेसमेत मान्यता दिएको थियो। स्वतन्त्र प्यालेस्टाइनको पक्षमा २ सय ५३ मत पर्दा ४६ मत विपक्षमा परेको थियो। १३ सेप्टेम्बर १९९३ मा इजरायल र पीएलओले ओस्लो सन्धिमा हस्ताक्षर गरे। अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको उपस्थितिमा यो सन्धिमा उनीहरूले हस्ताक्षर गरेका हुन्।


मध्यपूर्वको अशान्तिका कारण भनेको प्यालेस्टाइन र इजरायलको सम्बन्ध रहँदै आएको छ। सन् १९९३ मा यी दुई राष्ट्रबीच ओस्लो सन्धिमा हस्ताक्षर भए पनि एकले अर्कोलाई आक्रमण र परास्त गर्ने क्रम भने घटेको छैन। यी दुई इजरायलले यसअघि भएको सन्धिमा प्यालेस्टाइनको भूमिमा निमार्ण भएका बस्ती खाली गर्ने बताए पनि यसलाई बढाउँदै लगेको छ। इजरायलले २९ मार्च २००२ मा अप्रेसन डिफेन्सिभ सिल्ड सुरु गऱ्यो। यो अप्रेसनका क्रममा माच रामल्लाहामा आक्रमण भयो। इजरायली सैनिकले यासर अराफतको हेडक्वार्टरमा कब्जा गऱ्यो। इजरायलको यो अभियान तुल्कारेम र क्वाक्युलियामा समेत पुग्यो। त्यस्तै, २ अप्रिलमा बेथलेहेम, र १ अप्रिलमा जेनिन र नबल्समा समेत इजरायली सैनिक प्रवेश गऱ्यो। पश्चिमी किनाराका ६ ठूला सहरहरू घेराबन्दीमा परे। इजरायलको यो आक्रमणका क्रममा शरणार्थी क्याम्पहरूसमेत इजरायली सैनिकले नियन्त्रणमा लिए। यो अप्रेसन २१ अप्रिलमा रोकियो। यो अभियानका क्रममा इजारयलविरुद्ध सैनिक विद्रोहमा सामेल हुने हजारौं प्यालेस्टाइन नागरिकहरू पक्राउ परे। उनीहरूले सैन्य अप्रेसनका लागि प्रयोग हुने भवनहरूसमेत ध्वस्त पारे। यस अक्रममा ४ सय ९७ प्यालेस्टाइन नागरिकहरू मारिए।

२००३ जुनमा इजरायलले पश्चिमी किनारामा पर्खाल तथा विद्युतीय फेन्स निमार्ण सुरु गऱ्यो। सन् २००६ जुनमा भएको निर्वाचनमा प्यालेस्टाइनको संसद् मा हमासले बहुमत प्राप्त गऱ्यो। सन् २००७ मा हमासले गाँजालाई नियन्त्रणमा लियो। प्यालेस्टाइनको सत्तामा हमासको सत्तारोहणसँगै यस क्षेत्रमा हिंसा झन् चर्किंदै गएको छ।

*(एजेन्सीहरुको सहयोगमा)*

प्रेरक

## धैर्यको फल



जिसस क्राइस्ट आफ्ना शिष्य तथा सहयोगीसँगै विभिन्न स्थानको भ्रमण गरिरहन्थे। एकपटक उनी आफ्ना केही अनुयायीका साथमा एउटा गाउँको बाटो भएर गइरहेका थिए। बाटोको एउटा स्थानमा १०-१२ वटा ठिकै आकारका खाडल खनिएका थिए। त्यसरी ठाउँठाउँमा खाडल खनिएको देख्दा जिससका शिष्यहरूमा कौतूहल जाग्यो। उनीहरूमा त्यहाँ खाडल खनिनुको कारण थाहा पाउन मन लाग्यो। अन्त्यमा, मनको खुल्दुली मेटाउन जिससका एक शिष्यले उनलाई सोधे, 'गुरुदेव, यो बाटोभरि ठाउँठाउँमा लगभग एकै आकार-प्रकारका खाडल खनिएको देखिन्छ। तर, यसरी यी खाडल खन्नुको कारणबारे भने केही पनि बुझ्न सकिएन। हजुरले नै यसको कारणबारे प्रस्ट पारिदिनुप(यो।'

आफ्ना शिष्यको जिज्ञासा सुनेपछि जिसस एकैछिन गम्भीर भए र भने, 'कुनै एकजना मानिसले पानीको खोजीमा यहाँ यी खाल्डाहरू खनेको हो। एउटा खाल्डो खनेपछि उसले त्यसमा पानी भेटेन र पानी नभेटेपछि फेरि अर्को खाडल खन्यो। उसले कुनैमा पनि पानी भेट्न सकेन। त्यसपछि उसले अर्को फेरि अर्को गर्दै यसरी खाल्डैखाल्डा खन्यो।

यो सिलसिला लामै समय चलिरह्यो। तैपनि, उसले पानी भेट्टाएन। अन्ततः थाकेपछि उसले यो सिलसिला त्यागिदियो। त्यो मानिसमा धैर्य थिएन। उसले यति धेरै खाल्डो खन्नमा बढी श्रम र समय लगायो। बुद्धिमानीपूर्वक साराका सारा समय र श्रम एउटै खाल्डो खन्नमा लगाएको भए उसले अवश्यै पानी पाउने थियो। त्यसैले मानिसले हरेक काम धैर्यपूर्वक बुद्धि लगाएर गर्नुपर्छ। मान्छेले कुनै काम मन लगाएर गर्छ र थोरै धैर्य पनि राख्छ भने उसले परिश्रमको मिठो फल अवश्य पाउनेछ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसरका लागि केही दौडधुप गर्नुपर्ला। सानो गल्तीले हर्जाना तिराउन सक्छ। परिस्थिति अलि संघर्षपूर्ण रहला। नयाँ काममा लगानी गर्न केही समय पर्खंदा राम्रो हुनेछ। अरूको करकापमा निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ। बलजफ्तीले समस्या निम्त्याउन सक्छ। आफ्ना सामानमा अरूले दाबी गर्लान्। सानो कमजोरीबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

### वृष

अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ। नयाँ काम थाल्नुअघि राम्ररी विचार पुर्याएर अघि बढ्नुहोला। कामको मेसो नमिल्दा योजना पूरा नहुन सक्छ। आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्। स्वास्थ्य(चिन्ताले सताउन सक्छ। अवसर र व्यवधानका बीचबाट कर्मफल हातपार्न सफल भइनेछ। धैर्य एवं लगनशीलताले मात्र सामान्य उपलब्धि प्राप्त हुनेछ।

### मिथुन

आवेशमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ, सजग रहनुपर्ला। ईर्ष्या गर्नेहरूले नै काममा अवरोध पुर्याउन सक्छन्। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला। मिहिनेत गर्दा जटिल ठानिएको काम पनि सम्पादन हुनेछ। रोकिएका काममा भने दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला। स्वयं नजुट्दा काम बिग्रनेछ।

### कर्कट

अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला। सहयोगीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। अप्ठ्यारो पर्दा साथ दिने थोरै हुनेछन्। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ। मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला। बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ।

### सिंह

बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिएला। विचार सम्प्रेषण गर्नुअघि पूर्वतयारी गर्नु बुद्धिमानी हुनेछ। आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला। अध्ययनमा त्यति समय दिन नसकिएला। स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। परिस्थितिको चक्रमा अलमलिनुपर्दा काममा समय लाग्नेछ। कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

### कन्य

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ। लगनशीलताले नयाँ काम गर्ने अवसरसमेत दिलाउन सक्छ। बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा धन लाभ भए पनि आत्मसम्मानमा बाधा पर्न सक्छ। स्वास्थ्यका लागि केही खर्च पनि बढ्नेछ।

### तुला

खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ। तर नयाँ काममा लगानी गर्न केही समय पर्खंदा राम्रो हुनेछ। दिगो योजनाका लागि ऋण लिने समय छ। टाढाको यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। केही दौडधुप गर्नुपरे पनि उपलब्धि हातपार्न सकिनेछ। शुभचिन्तकहरूको सहयोगले काम बन्न सक्छ तर सानो कामलाई अधिक खर्च हुनेछ। आफन्तबाट टाढिनुपर्ने हुन सक्छ।

### वृश्चिक

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। साझेदारीबाट पनि लाभ मिल्नेछ। भौतिक साधनको उपयोगले विशेष फाइदा दिनेछ। श्रमको उचित मूल्य पाइनेछ। छोटो समयमा लाभ उठाउने अवसर प्राप्त हुनेछ। उद्योग र व्यापारमा विशेष लाभ हुनेछ।

### धनु

उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला। काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ने देखिन्छ। मिहिनेतले आंशिक सफलता प्राप्त हुनेछ। फाइदा कमै भए पनि आँटेको काम सम्पादन हुनेछ। आफ्नो कमजोरी बाहिरिनाले आलोचकहरू बढ्न सक्छन्। अरूलाई वशमा राख्न सकिनेछ। तर बलजफ्ती गर्ने बानीले आफन्त टाढा हुनेछन्। नियमित काममा भने राम्रो फाइदा उठाउन सकिनेछ।

### मकर

प्रयत्न गर्दा अवसर पाइनेछ। परोपकारी काममा सहभागी भइनेछ। तर आफ्ना कमजोरीको फाइदा उठाउनेहरू पनि निकै सक्रिय हुनेछन्। धेरै समय अरूका लागि जुट्नुपर्नेछ। लगनशीलताले लक्ष्यमा पुर्याउनेछ। तर श्रमअनुसार कामको मूल्य कम मात्र प्राप्त हुने देखिन्छ। तापनि कामलाई निरन्तरता दिन सकिनेछ। व्यवसायतर्फ हिसाबकिताबमा अलि होसियार रहनुहोला।

### कुम्भ

प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहुन सक्छ। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। सम्भावना देखिए पनि काम गर्न समय लाग्नेछ। परिस्थितिको चक्रमा अलमलिनुपर्ला।

### मीन

माहोल रमाइलो रहनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। सुन्दर उपहारले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। परिवारजनको साथले काममा उत्साह जगाउनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।

# समाचार संक्षेप

## घाँटी रेटी प्रधानाध्यापकको हत्या

मोरङ। मिक्लाजुङ गाउँपालिका-१ बर्खे बस्ने सोही ठाउँस्थित सरस्वतीआधारभूत विद्यालयका प्रधानाध्यापक अन्दाजी ५२ वर्षीय राजेन्द्र श्रेष्ठको मंगलबार बिहान घाँटी रेटी हत्या भएको छ।

बिहान करिब सवा ७ बजे ५ जनाको समूहका आएका अपरिचित व्यक्तिहरूले प्रधानाध्यापक श्रेष्ठलाई अपहरण गरी सोही गाउँपालिका-१ बर्खे गाउँस्थित जंगलमा लगेर हत्या गरेको भन्ने जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ समेतबाट प्रहरी उपरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले बर्खे गाउँदेखि करिब ६ सय मिटर टाढा जंगलमा दुवै हात बाँधी अगाडिबाट घाँटी रेटेर हत्या भएको अवस्थामा उनको शव फेला पारेको हो। घटनामा संलग्न व्यक्तिहरूको विभिन्न स्थानहरूमा खोजी गर्नुका साथै घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## मृत अवस्थामा फेला

स्याङ्जा। चापाकोट नगरपालिका-५ एक्लेटारस्थित ज्याग्दी खोलाको किनारामा हाल नाम, थर, वतन नखुलेका करिब २८ वर्षीय पुरुष सोमबार बेलुका मृत अवस्थामा फेला परेका छन्।

## करेन्ट लागेर मृत्यु

रौतहट।मौलापुर नगरपालिका-७ सघहिया पिपरिया बस्ने ४५ वर्षीय रामबाबु महतोको करेन्ट लागेर सोमबार दिउँसो मृत्यु भएको छ। आफ्नै घरको छतमा फलामको रडले घरको छेउमा रहेको बिजुलीको तारमा छुदा करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको लागि गौरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

## आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

सर्लाही । विष्णु गाउँपालिका-२ पकडिगोठ बस्ने योगेन्द्र प्रसाद साहको घरमा विद्युत सर्ट भई सोमबार राति आगलागी हुँदा लत्ताकपडा, अन्नपात लगायतका सामान जेलर करिब १२ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ। स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बसको ठक्करबाट चालकको मृत्यु

महोत्तरी। पिपरा गाउँपालिका-१ एकरहियास्थित सडकमा ना.१ क ४८०५ नम्बरको स्कुल बसले ज.५ प २२२९ नम्बरको मोटरसाइकललाई सोमबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक पिपरा गाउँपालिका(३ बस्ने १९ वर्षीय अमित यादवको मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका उनको जिल्ला अस्पताल जलेश्वरमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १८ वर्षीय नविन यादवको सोही अस्पतालमा उपचार भइरहेको छ। बस र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## आगलागीमा परी एक जनाको मृत्यु

कालीकोट। शुभकालिका गाउँपालिका(३ बस्ने पृथ्वी बहादुर शाहीको घरमा आइतबार राति आगलागी हुँदा आगोले जलेर उनकै १५ वर्षीया छोरी हिरू शाहीको मृत्यु भएको छ।

आगो बाली सुतीरहेको अवस्थामा उक्त आगो नजिकै रहेको परालमा सल्किएर घरमा समेत आगलागीमा हुँदा गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल कालिकोट हुँदै थप उपचारको लागि सुर्खेततर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। साथै आगलागीमा परी घाइते भएकी पृथ्वीकी १२ वर्षीया छोरी शर्मिला शाहीको प्रदेश अस्पताल सुर्खेतमा गम्भीर अवस्थामा उपचार भइरहेको छ। स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। सिरहा, बरियारपट्टी गाउँपालिका-५ झिझौल बस्ने २५ वर्षीय रबिन्द्र यादव आफ्नै कोठमा सुतेको अवस्थामा सोमबार मृत फेला परेका छन्। कास्की, पोखरा महानगरपालिका-१८ सिम्ताल सराङकोट डेरा गरी बस्ने ओखलढुङ्गा वंखु गाउँपालिका(६ घर भएकी ५५ वर्षीया मञ्जु राई आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेकी छन्।

अर्घाखाँची, सितगंगा नगरपालिका-२ फलाचौरस्थित सुपा मन्दिर नजिकै भिरमा पाणीनी गाउँपालिका-७ पाली बस्ने १९ वर्षीय अनिल आचार्य सोमबार मृत अवस्थामा फेला परेका छन्। सुपा मन्दिरमा सुन्तला बेच्न गएका उनी घर फर्की नआएपछि खोजी गर्ने क्रममा उनको शव फेला परेको हो।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Discordant = नमिल्दो They do not agree with each other because they have discordant view (विपरित दृस्टिकोण भएको कारण तिनीहरू एकअर्कासंग सहमत हुंदैनन)

Euphemism = नघोच्ने खालको सन्तुलित अभिब्यक्ति The expression " he passed away " is an euphemism for " he died" (उ मर्‍यो भन्नु भन्दा उनी श्वर्गवासी भए भन्नु नघोच्ने खालको सन्तुलित अभिब्यक्ति हो )

Furtive = गोप्य वा कसैले थाह नपाउने Having noticed the furtive glance of fellow friends, she covered her breast with shawl (साथीहरूले नथाहापाउने गरी हेरेको महसुस गरी उन्ले आफ्नो छाती खास्टोले छोपिन)

Grotto = सानो गुफा There are many grottos in Capri of Naples where one can go through small boats (नेपल्सको काप्रीमा धेरै सासाना गुफाहरू छन जहा सासान डुंगाको माध्यमबाट जान सकिन्छ )

Hover = झुम्मिनु The crowd hovered around the place accident had taken place (भिड दुर्घटनास्थलमा यत्रतत्र झुम्मियो )

Incongruity = नमिल्ने र नसुहाउने The incongruity of his wearing necktie with Nepalese pantaloon amused other (उस्ले नेपाली सुरुवालसंग टाइ लगाएकोमा नमिल्दो भएको देखि सबैजना हांसे)

Jaundiced = पूर्वाग्रही Since she does not like him, she looked at his painting with jaundiced eyes (उस्लाई मननपराउने हुंदा उन्ले उस्को कलाकृतिलाई पनि पूर्वाग्रही दृस्टिकोणले हेरिन )

Lugubrious = शोकपूर्ण The lugubrious howling of the dog is considered to be a bad omen (कुकुर रुनुलाई अलच्छिनको पूर्वसंकेतको रुपमा लिइन्छ )

Ludicrous = हास्नुपर्ने कुरा Be serious, this is not a ludicrous issue (गंभीर होऊ यो कुनै हास्नुपर्ने कुरा होइन )

Myopic = दुरदृस्टि नभएको For being a successful politician, one should be farsighted not myopic (सफल नेता वन्नको लागि दुरदृस्टि भएको हुनुपर्दछ )

# Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn somebody out = सर्नु My landlord turning me out at the end of the month (मेरो घरपेटीले मलाई महिनाको अन्तमा कोठा सर्नु भन्यो )

Turn somebody out to be = प्रमाणित हुनु Finally he turned out to be my sister's friend (अन्तमा उ मेरो दिदिको साथी रहेछ भन्ने प्रमाणित भयो )

Turn somebody over = कसैलाई कोल्टे फर्काउनु Nurse turned the patient over to wash his back नर्सले ढाड धोइदिन भनी रोगीलाई कोल्टे फर्काइन

Turn something over = नाफा गर्नु Every year this company turns 100 million over हरेक वर्ष यो कपनीले १० करोड नाफा गर्छ।

Turn somebody over to somebody = कसैलाइ जिम्मा लगाउनु Customs officials turned the smuggler over to police भन्सारका कर्मचारीले चोरी निकासी गर्नेलाई प्रहरीको जिम्मा लगाए।

Turn something over to somebody = सुम्पनु He turned all his property to his daughter उस्ले आफना सबै सम्पत्ती छोरीलाई सुम्पियो।

Turn round = ओराल्नु उकाल्नु Be patient all the passenger the aircraft turns round within half an hour (यात्रुहरू धैर्य गर्नुहोस, आधा घण्टा भित्रै यात्रुहरू ओराल्ने र उकाल्ने काम सकिन्छ)

Turn to = शुरु गर्नु We turned to at 7 and finished cleaning the entire house in 2 hours हामीले सात बजे शुरु गर्‍यौ र पुरै घर दुइ घण्टामै सफा गर्‍यौ।

Turn to somebody = कोही हुनु She does everything alone because she has no habit to turn to somebody तिनी सबै काम एक्लैले गर्छिन किनकि उनी कोही छ की भनेर आसै गर्दिनन।

Turn to something = केही चिज तिर लाग्नु Whenever he feels depressed he turns to alcohl जव जव उ उदाशिन हुन्छ रक्सी तिर लागीहाल्छ।

## सुडोकु-अंक २०४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | | | | | ८ |
| | | १ | ६ | | | ७ | | |
| | | | | २ | ७ | ६ | | |
| ४ | ३ | | | | | १ | | २ |
| | | | ७ | | ५ | | | |
| ८ | | ५ | | | | | ७ | ९ |
| | | ८ | १ | ९ | | | | |
| | | ३ | | | ८ | ४ | | |
| १ | | | | | ४ | | | |

## अंक २०३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | १ | ६ | ८ | ९ | २ | ७ | ५ | ४ |
| ९ | ५ | २ | ७ | ४ | ३ | ६ | १ | ८ |
| ७ | ४ | ८ | १ | ५ | ६ | ९ | ३ | २ |
| ५ | ६ | १ | ४ | ७ | ८ | ३ | २ | ९ |
| ८ | २ | ९ | ५ | ३ | १ | ४ | ६ | ७ |
| ४ | ३ | ७ | २ | ६ | ९ | ५ | ८ | १ |
| १ | ९ | ५ | ६ | २ | ७ | ८ | ४ | ३ |
| २ | ७ | ४ | ३ | ८ | ५ | १ | ९ | ६ |
| ६ | ८ | ३ | ९ | १ | ४ | २ | ७ | ५ |

शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारीको अवसर र आर्थिक विकाससँग जोड्ने अभिप्रायले नेपाल सरकारद्वारा गठित कार्यदलले मानव संसाधनको आँकलन तथा प्रक्षेपण कार्य गरिरहेको सन्दर्भमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइटमार्फत वा www.hrp.gov.np मा रहेको online विवरण तथा सुझाव संकलन फारम यथाशीघ्र भरिदिई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# Recollecting a Great Statesman

Eight years have passed since the demise of Kim Jong Il, eternalchairman of the National Defence Commission of the Democratic People's Republic of Korea.

Memory dims over time, as the saying goes. However, the Korean people are still yearning for their leader.

**Affectionate and Optimistic**

As a boy, he was tender-hearted and cheerful. He liked mingling with his friends and other people. As he was understanding, sensible and sympathetic, his friends opened their hearts to him. There prevailed a vigorous and cheerful mood wherever he was.

He liked listening to music or reading books. In his school days he created good poems and songs like "Our Classroom," "What is Friendship," "Song of Best Wishes" and "My Mother."

He also had a flair for music. He once said his first love was music. By dint of his profound musical knowledge he led the sector of literature and the arts,thereby bringing about an upswing in opera, drama, cinema and music from the 1970s.

As for his expert-level guidance in the production of cinema, a Chinese journal commented: Chairman Kim Jong Ilwas well versed in cinema.While working at the Central Committee of the Workers' Party of Korea, he rendered great services to the development of cinematic art.

**Energetic andPassionate**

Kim Jong Il's old teacher in his primary school days commented:

"Kim Jong Il has a disposition only to progress like a swift current and without stagnation.

"Kim Jong Il persists in everything he undertakes until he completes it."



Upon undertaking anything, he concentrated on it without noticing what was going on around himself. One day he was so engrossed in reading a book that he was not aware of thunder cracking outdoors.

His broad knowledge was the fruition of his natural gift and tireless passion.

He read a mountain of books to formulate President Kim IlSung's revolutionary theories. Despite his hectic work schedule during the day, he used to spend the night giving guidance over the creation of literary and artistic works.

The speed campaign gained momentum in this country, a basic mode of creative endeavour for enlisting all forces and forging ahead projects as rapidly as possible, while ensuring their best possible quality. As a work style embodying Kim Jong Il's creative method, it became a powerful driving force for the active promotion of socialist construction in the DPRK.

**Compassionate and Virtuous**

Chairman Kim Jong Ilhad a strong sense of moral obligation.

According to one of his childhood friends, he had a unique appeal of fascinating people at once. This was based on his unselfish affection and ennobling-personality.

He always helped his friends with sincerity, especially when they or their family members had trouble. There are many episodes about his warm affection; giving his raincoat to one of his classmates on a rainy day and giving his new padded clothes to another in the post-war days.

For decades he showed close concern for his old teachers in his secondary school and university days. When the officials, who supported him with loyalty, passed away, he took paternal care of the bereaved families.

One needs to think over why Korean society is called a great harmonious family.

## उत्कृष्ट पर्यटकीय गन्तव्य बन्दै मानहुँ




केही वर्षअगाडि उपेक्षित रहेको दमौलीको व्यास नगरपालिका-५ मा पर्ने मानहुँ डाँडा अहिले आकर्षणको केन्द्रबिन्दु बनेको छ । दृश्यावलोकनका लागि अन्तरिक पर्यटकको घुइँचो लाग्न थालेपछि सो क्षेत्र नगरपालिकाको नै उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको हो। अहिले त्यहाँ एकैदिन १० हजारसम्म पर्यटक पुगेका छन्।

मानहुँ डाँडाको शिर मानुङकोट नजिक रहेका पुराना घरहरू सबै होटेल (खाजा घर) मा परिणत भएका छन्। सबै घरमा खाजा, खाना र वासको सुविधा लेखिएका साइनबोर्ड छन्। स्थानीय ६३ वर्षीया रेवती आलेका अनुसार अहिले अत्यधिक मानिस कोटमा पुग्छन् र सयौँको संख्यामा त्यतै रात बिताउँछन्। रात बिताउनेमध्ये कतिपय टेन्ट लगेरै बस्छन् भने केहीलाई तिनै पुराना घर र अहिले पढाइ बन्द भएको मानहुँकोट प्राविका तीन कोठामा व्यवस्थापन गर्ने गरिएको स्थानीय वडाध्यक्षले जानकारी दिए।

मानहुँ डाँडाबाट दमौली बजारदेखि त्यसवरपर मात्र नभएर अन्नपूर्ण, माछापुच्छ्रे लगायतका हिमशृंखला सहजै देख्न सकिन्छ। डाँडाको उत्तरपूर्वमा रहेको दमौली, मादी र सेतीको संगमस्थल पवित्र व्यास भूमि पनि हो। यसको धार्मिक महत्व छँदै छ। दमौलीको मुख्य बजार प्रवेश गर्नुअगाडि मादीको पुल तल बोटलको घाँटी आकारको कृत्रिम ताल बनाउने योजनामा व्यास नगरपालिका छ।

सेतीमा तनहुँ हाइड्रो बन्दै छ। राष्ट्रिय गौरवको यो आयोजना बन्दा सेतीमा ठूलो ताल बन्नेछ। यस हिसाबले डाँडाको दुवैतर्फ ताल हुनेछन्। दमौली बजारबाट गर्मी छल्न र बजारलगायत हिमशृंखला हेर्दै तालले घेरिने उक्त डाँडा आन्तरिक र बाह्य दुवै पर्यटकका लागि रोजाइको स्थल बन्ने बताइन्छ।

मानुङकोटमा दसैँमा र मंसिर पूर्णिमामा बलि चढाइन्छ। मगर, नेवार र केही ब्राह्मण बस्ती रहेको उक्त क्षेत्रदेखि व्यास नगपालिका-८ को पुलिमराङ जोड्न सहिद दिवसमा ४३ किलोमिटर म्याराथन दौडसमेत हुने गरेको छ। व्यास नगरपालिकाले २५ कात्तिकदेखि दैनिक तीन सय भन्दा बढी मानिसलाई मानहुँकोटमा प्रवेश गर्न रोक लगाउने निर्णय गरेको छ। स्थानीय कुवाहरूको संरक्षणका काम पनि भइरहेको छ। दमौलीबाट कोटसम्म पक्की सडक निर्माण हुँदै छ। सात किलोमिटर लम्बाइको सडक निर्माणका लागि झन्डै आठ करोडमा रानीबारी कन्स्ट्रक्सनले ठेक्का लिएर काम अगाडि बढाएको छ। दुई किलोमिटर बाटो पिच भइसकेको छ, ८० मिटर ढलान भएको छ। ग्याभिन भर्नेलगायतका काम भएर पिचको काम बाँकी छ।

मानुङकोटको उत्तरी भागमा अहिले एक किमिभन्दा लामो रेलिङ हालिसकिएको छ। ३५ लाखको लागतमा रेलिङ निर्माणको काम भएको हो। त्यसैगरी, विभिन्न भ्युप्वाइन्ट निर्माणलगायतका पूर्वाधार निर्माणका लागि गत वर्ष नै ४० लाख रुपैयाँ विनियोजन भएकोमा ३६ लाख ५० हजार लागतमा माछा बाराही कन्स्ट्रक्सन प्रालिले ठेक्का लिएर काम थालेको छ।

मानहुँकोट पुग्ने पैदलमार्ग दुवैतर्फबाट (पाटनबाट र चापाघाट) सिँढी निर्माणको काम भाइरहेको छ। त्यसका लागि ३५ लाख रुपैयाँ वडाकै तर्फबाट खर्च भइसकेको छ। त्यहाँ सार्वजनिक शौचालय र सार्वजनिक जग्गा संरक्षणका लागि २५ लाख रुपैयाँ छुट्याएको छ। आइतबार मानहुँमै बसेको नगरपालिकाको बोर्ड बैठकले सर्वजनिक शौचालय निर्माण, सार्वजनिक जग्गा संरक्षण र आवश्यक पूर्वाधारका लागि बजेट छुट्याउने निर्णय गरेको हो। आन्तरिक पर्यटक दिनहुँ जान थालेपछि सम्भावना देखेर अहिले मानहुँकोट वरपर जग्गा किन्ने लहर नै चलेको छ। चार वर्षअगाडि २० हजार रुपैयाँमा प्रतिआना बिक्री हुन मुस्किल जग्गा अहिले आनाकै तीन-चार लाख रुपैयाँमा कारोबार हुन थालेको छ।


## कोभिड १९ र बन्दाबन्दीका कारण
## बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आत्महत्याको जोखिपूर्ण वर्गको पहिचान गरी मनोसामाजिक परामर्श प्रदान गरौं ।
- सकारात्मक विभेदको नीतिको आधारमा गरिबीको रेखामूनीको वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गरौं ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको दायरा अभिवृद्धि गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## सतलजको त्यो विजय

■ शरदचन्द्र ओझा

१९औँ शताब्दीको सुरुवाततिर, काँगडाको किल्ला, जुन अहिले भारतको हिमाँचल प्रदेशमा पर्छ, नेपाली सेनाले आफ्नो कब्जामा लिएको थियो। व्यास नदीभन्दा ६४ किलोमिटर टाढा रहेको काँगडा किल्ला सामरिक दृष्टिकोणले नेपाली सेनाका लागि जित्नु आवश्यक थियो। काँगडाको किल्लालाई कटोच वंशका राजाहरूले बनाएका थिए, तत्कालीन समयमा भारतको हिमालयतिर अवस्थित विभिन्न किल्लाहरूमा यो सबैभन्दा ठूलो थियो।

वि.सं. १७८८ मा त्यहाँका राजा संसार चन्दले शिख सरदार जय सिंहको मद्दतले यस किल्लामा आधिपत्य जमाएका थिए। उनले छिमेकी राजा ईश्वरी चन्दलाई जितेर सारा सम्पत्ति कब्जा गर्दै थुनुवा बनाएका थिए। होसियारपुरलगायत राज्यका राजाहरू, जो संसार चन्दका विरोधी थिए, नेपाली सेनाको नेतृत्वमा उनीसँग लड्न तयार थिए। १८०५ मा सतलज नदी पार गर्दै नेपाली सेनाले काँगडामा आक्रमण सुरु ग(यो। कमान्डर अमरसिंह थापाले, युद्ध जितेको खण्डमा अन्य राज्यहरूलाई स्वतन्त्र प्रभार दिने र आफू काँगडाको किल्लामा मात्र आधिपत्य जमाउने भनेर सहमति गरेका थिए। यसैले गर्दा होला, मन्डी, सुकेत, कतलेड, चमबा, अनि गलेर राज्यका सेना पनि नेपाली सेनाको नेतृत्वमा युद्ध गर्दै थिए। यसरी, महाकालीदेखि व्यास नदीसम्मको सम्पूर्ण क्षेत्रमा नेपालको आधिपत्य भइसकेको थियो।



यत्रो सुझबुझका साथ युद्धकौशल देखाइरहेका कमान्डर अमरसिंहले यहाँनिर पुगेर अलिकति दुस्मनको चतुऱ्याइँ बुझ्न सकेनन्। उता काठमाडौंबाट बारम्बार दरबारभित्रको किचलोको खबरले पनि उनलाई चिन्तित बनाउँदै गएको थियो। राजा संसार चन्दले, आफूलाई किल्ला छोडेर जान केही समय दिन दूतमार्फत पठाएको समाचारलाई उनको चतु(याइँ हुन सक्छ भन्ने नबुझी अमरसिंहले सजिलै स्वीकार गरिदिए। आफ्नो परिवारलाई किल्लाबाट बाहिर पठाई, आफू पनि लुसुक्क पन्जाब पुगी महाराजा रणजित सिंहलाई गुहार्न र सहमति गर्न पुगे।

यसैबीच प्रधानमन्त्री भीमसेन थापाका भाइ नयनसिंह थापाको नेतृत्वमा अर्को गोर्खाली टुकडी काठमाडौंबाट कमान्डर अमरसिंह थापाको मद्दतका निम्ति काँगडा पुगिसकेको थियो। समयसीमा समाप्त हुँदा पनि संसार चन्दका तर्फबाट कुनै उत्तर नआएकोमा नयनसिंह आफैँ अघि बढ्दा भित्रबाट लुकेर चलाइएको भाला लागि सहिद हुन पुगे। यस्तो घातमा भाइ गुमाएपछि बौखलाएका कमान्डर अमरसिंह थापा युद्धको तयारीमा थिए भने महाराजा रणजित सिंहको दृष्टि पनि काँगडा किल्लामाथि थियो।

अर्को मोहडातर्फबाट अघि बढ्दै गएको शिख फौज सँसार चन्दका पुत्रलाई बन्दी बनाउन सफल भएको थियो, जसले गर्दा संसार चन्द आफ्नो कुटिल नीतिबाट पछि हट्दै रणजित सिंहलाई किल्ला छोड्न बाध्य भए। त्यसपछि पन्जाबको शक्तिशाली महाराज रणजित सिंहको सेनासँग युद्ध गर्नुपर्ने अवस्थामा आयो। अग्ला-अग्ला शिखको फौज, त्यसमा पनि पहिला नेपाली सेनाका साथ रहेका छिमेकी राजाहरूको वितृष्णाले हम्मे-हम्मे पर्दै गयो। पहिलो युद्ध काँगडानजिकको गणेश भ्याली, दोस्रो गोर्खा टिला र अन्तिम मल्कन्डमा भयो। गणेश भ्यालीमा भएको युद्धमा दुवैतर्फ धेरै ज्यान गए।

संख्यामा धेरै र हतियारले सुसज्जित शिख सेनासामु नेपाली सेनालाई गाह्रो प(यो, तैपनि नेपाली वीरहरूले आफ्नो शक्ति र साहस देखाइ नै रहे। यसप्रकार धेरै दिनको युद्ध, प्रशस्त मृत्यु, अन्त्यमा २४ अगस्त १८०९ मा एउटा शान्ति-सम्झौता भयो, जसअनुसार नेपाली सेना महाकाली नदीवारिसम्म मात्रै रहनुपर्ने भयो। काँगडाको किल्ला महाराजा रणजित सिंहले प्राप्त गरे।

उता महाराजा रञ्जित सिंहलाई पन्जाबका राजा भनेर पनि चिनिन्थ्यो। सानो छँदै दादुराले दाहिने आँखा गुमाएका रञ्जित सिंह १० वर्षमै पितासँग युद्धमा सहभागी भएका थिए। पिताको मृत्युपछि प्रशस्त युद्ध लडे। अफगानसँग त पटक-पटक युद्ध भयो। उनी सेरे पन्जाबका नामले पनि प्रख्यात थिए। पछि उनका पुत्र महाराजा खरक सिंह राजा बने। खासमा शिखराज अथवा सरकार-ए-खाल्सा, भारतको पन्जाबमा पर्थ्यो। पन्जाबको अर्थ पाँचवटा नदीको भूभाग पनि हो। बियस, रवि, सत्लेज, चेनब अनि झेलम पन्जाबबाटै बग्छन्।

तत्कालीन पन्जाब राज्यमा श्रीनगर, अट्टोक, पेसावर, बन्नु, रावलपिन्डी, जम्मु, गुजरात, सिआल्कोट, कांग्रा, अमृतसर, लाहोर, मुल्तान पनि पर्थे। रञ्जित सिंहकी एक महारानी चाँद कुँवर (चाँद कौर) अंग्रेजसँगको युद्धपछि बन्दीगृहबाट योगिनीको भेषमा नेपालतिर भागेर राणा प्रधानमन्त्री जंगबहादुरको स्वीकृतिअनुसार काठमाडौं थापाथलीनजिक पन्जाबी वास्तुकलाको एक घर बनाएर बसेकी थिइन्। नेपालबाट फर्कंदा त्यसलाई दान दिएर गएको अनि पछि त्यही घरलाई सरकारले खरिद गरी तोपखानाका रूपमा विकास गरेको पनि इतिहास छ। आश्चर्यजनक रूपमा भन्नुपर्दा महाराजा रञ्जित सिंहको फौजमा शिख मात्रै नभएर अन्य धर्म र संस्कृतिका पनि जागिर गर्थे। जिआन-फ्रान्कोइस अल्लार्ड-फ्रेन्च, पाओलो डी अविटाबिले-इटालिअन, क्लाउड औगुस्ट कोर्ट-फ्रेन्च, जेआन-बाप्टिस्टे वेन्टुरा-इतालिअन, अलेक्सन्दर गार्देनर-अमेरिकन, जोसिआह हर्लन-अमेरिकन (जनरल र पछि गवर्नर अफ गुजरात), घौसे खान, इलाही बक्स, सुल्तान महमुद खान (घौसे खानका पुत्र)लगायत पनि अन्य शिख र हिन्दूझैँ रञ्जित सिंहको सेनामा जनरल थिए।

बडाकाजी अमरसिंह थापाको ग्रेटर नेपालको अवधारणाअनुसार अघि बढेको नेपाली फौजको कमान्डरका रूपमा ऐतिहासिक योगदान अतुलनीय छ। चीन-नेपाल युद्धपहिले नै उनी गढवालको लातौर उपत्यकासम्म सीमाविस्तार गर्न सफल भएका थिए। उनी एक कुशल रणनीतिवेत्ता र लडाकु पनि थिए। विजय हुँदै नेपाली सेनाले सतलजसम्मको भूभागमा आफ्नो आधिपत्य जमाएको थियो। काँगडाको युद्धताका उनले नेपाल सरकारलाई 'हामीले अहिलेसम्म हरिणहरूको सिकार गऱ्यौं, तर बाघको सिकार गर्न हाम्रो फौजको संख्या र क्षमता पनि बढाउनुपर्छ' भनेर पत्र लेखेका थिए। नेपाल दरबारमा सुरु भएको खिचलो र चीनसँगको युद्धको सम्भावनाले होला, राज्यपक्षबाट खासै सहयोग नपाउनाले उनीलगायत अन्य ग्रेटर नेपालको सपना बोकेर हिँडेका सैनिकले पछाडि फर्कनुबाहेक अरू उपाय देखेनन् र फर्के पनि। यसरी उच्च मनोबलका साथ कुमाउँ, गढवाल, हिमाञ्चल हुँदै सतलजको भूमिसम्म टेकेको नेपाली सेनाका जवान र त्यसलाई मूर्तरूप दिने अमरसिंह थापा, हस्तिदल शाहलगायत सम्पूर्ण वीर योद्धाप्रति हृदयदेखि नै सम्मान र नमन छ।

## वैदेशिक...

टाढा भएकोले पीडा share गर्न चाहेर पनि सक्दैन कतिपय मान्छेहरू डिप्रेसनको सिकार भएर आत्महत्या गर्दछन् र रातो बाकसमा स्वदेश फिर्ता हुँदा परिवारले भोग्ने पीडा कस्तो हुन्छ हामी अनुमन गर्न सक्छौं र कतिपय त्यस्तो कामको चापलाई धान्न नसकी स्वदेश फिर्ता हुन्छन । लाखौं लगानी गरेर विदेश गएर बीचमै स्वदेश फर्कदा उसमा भएको आर्थिक भार अब परिवारमा पर्दछ त्यो अवस्थामा परवारको के विकल्प हुन सक्दछ ?

वैदेशिक रोजगारलाई प्रतिष्ठाको रुपमा हेर्ने हाम्रो समाजले त्यसको सूक्ष्म पक्षको अध्ययन गर्न सकेको छैन । यसलाई उपरी प्रकारले मात्रै हर्ने गरिन्छ । प्रत्येक घरका, एक वा सोभन्दा बढी सदस्य विदेश गएका छन् । हुनेखानी र पढे-लेखेका युरोप, अमेरिकालगायत विकसित मुलुकमा गएका छन् जो गएपछि पुनः स्वदेश फर्किने सम्भावना कम रहन्छ भने हुँदाखाने गरिब तथा आशिक्षित खाडी मुलुकमा गएका छन् जहाँ उनीहरूको चरम श्रम शोषण र यातना हुने गरेको छ । कम पारिश्रमिक, बढी घण्टा काममा खटिदा र समयमा पारिश्रमिक नपाउँदाको पीडा भोगिरहेका छन् । बल्लतल्ल आफूलाई जीवनमरणको दोसाँधमा राखेर केही रकम कमाएर स्वदेश फर्किदा जवानी र बल उतै सकिएको हुन्छ भने उसलाई कमाएको सम्पत्तिले भविष्यको संरक्षण गर्दैन । उसलाई नेपाल फर्किएर फेरि जिउनको लागि संघर्ष गर्नु पर्दछ । न त उसले आफ्नो जीवनको अमूल्य समय परिवारसंग बिताउन पायो न त उसले कमाएको सम्पत्तिले अबका दिनहरू सुरक्षित गर्यो । यसकारण आम नेपालीको जीवन कष्टकर रहन गएको छ । कसरी दुई छाक टार्ने ? कसरी परिवार पाल्ने भन्ने कुरामै हाम्रो जीवन अड्किएको छ । कसरी भविष्यलाई सुरक्षित गर्ने ताकी बुढेसकालमा जम्मा गरिएको रकमले गुजारा चलाउन पाइयोस, एउटा घर बनाउनु ,छोरा छोरी पाल्नु, पढाउनु र दुई छाक टार्नमै हाम्रो जीवन बितेको हुन्छ भने जीवनका अन्य पाटाहरू शिक्षा, ज्ञान, मनोरंजन, सुखसुविधा आदि जस्ता कुराहरू परको कुरा भए यसरी नेपालीले आफ्नो जीवन संघर्षमय र दुख कष्टपूर्ण तरिकाले सकाउँछ । विश्व जगत र मानव जगतका अन्य पक्षलाई बुझ्न र जान्न समय नै हुँदैन । यसको जिम्मा चाहि सरासर राज्यलाई जान्छ । जुन देश सम्पन्न छ त्यो देशका जनतालाई भविष्यको लागि जगेर्ना गरेर वर्तमानलाई कष्टकर बनाउनु पर्दैन किनकि उनीहरूलाई सरकारले नै वर्तमानमा रोजगारदेखि लिएर भविष्यको जिम्मा लिएको हुन्छ ।

वैदेशिक रोजगारले समाजमा एउटा पाटोलाई मात्र प्रभावित गरेको छैन । यसले तत्कालिन र दीर्घकालिन रुपमा धेरै पाटाहरूलाई असर गरेको छ । समाजमा सांस्कृतिक विचलन, पारिवारिक विखन्डन, पाश्चात्य संस्कृतिको हाबीलगायत विविध तरिकाले नेपाल र नेपालीको सहअस्तित्वमाथि गम्भीर संकट निम्त्याएको छ । प्रत्येक देशको, समाजको आआफ्नै पहिचान हुन्छ, धर्म हुन्छ, संस्कृति हुन्छ, संस्कार हुन्छ जसका कारण विश्व जगतमा अस्तित्व कायम रहन्छ । तर अहिले वैदेशिक रोजगारले यी सबै चिजमाथि आक्रमण गरिरहेको छ । पारिवारिक बिखन्डन ल्याएको बिकराल आवस्थाले समाज ग्रसित छ । बर्षौंदेखि छुट्टिएर बसेका श्रीमान श्रीमतीमा वैदेशिक रोजगार अभिसाप बनेको छ । टाढै बसेर पनि सम्बन्धलाई मजबुत बनाउन चाहनेहरू पनि विविध कारणले चुकेका छन । प्रकृतिले दिएको यौन चाहनालाई धान्न नसकी परपुरुषगमन र परस्त्रीगमन बढेको छ जसले गर्दा आफ्नो जीवनसाथीसँग पुनर्मिलन हुन नपाउँदै वैवाहिक सम्बन्ध टुङ्गिएको छ । अर्को कारण विदेशमा कमाएको सम्पतिको हिनामिना पारि दुरुपयोग गरेको अवस्थामा सम्पत्तिको लागि झगडा र अन्तत सम्बन्ध टुट्ने गरेको छ । झन् वैदेशिक रोजगारमा महिलाहरू जाँदाको दोहोरो पीडा कहालीलाग्दो हुन्छ । एकातिर उसलाई हाम्रो समाजले हेर्ने दृष्टिकोण र अर्कातिर खाडी मुलुकमा घरेलु कामदारका रुपमा काम गर्ने महिलाहरूले भोग्ने हिंसा । यी दोहोरो चपेटाभित्र महिलाहरू जीवन व्यतित गर्न बाध्य छन् । वैदेशिक रोजगारमा रहँदा एउटी महिलाले जस्तोसुकै संघर्ष गरेकी हुन्छे परिवारका खातिर । जीवनका महत्वपूर्ण अंगहरू जस्तै परिवार, प्राण प्रिय पति र मुटुका टुक्रा जस्तै दुधे बालकलाई छोडेर सुनौलो भविष्यको आशामा बिदेशीन बाध्य छन् धेरै नेपाली महिलाहरू । अन्त्यमा तिनै पृथ्वीजस्ती महिलाको चरित्रमाथि शंका गरी घरको न घाटको बनाउने यही समाज हो । तसर्थ समाजले महिलाहरूलाई हेर्ने पुरुषवादी चिन्तनको परिपाटीलाई अन्त्य गर्नु आवश्यक छ । बल्लतल्ल बैदेशिक रोजगारबाट घर फर्कदा परिवार हुँदैन, सम्पत्ति हुँदैन, आफ्नो यौवन र बल हुँदैन अनि बाँकी जीवन कसरी बित्छ ? सजिलै अनुमान लगाउन सकिन्छ । तसर्थ बैदेशिक रोजगारले समस्याको समाधान गरेको छैन आम रुपमा यसले समस्यालाई झन् बिकराल बनाएको छ । बालबच्चा अभिभावकबिना हुर्किन बाध्य छन्, ममतालाई पैसासँग साट्न बाध्य छन् । तिनै बालबच्चा तथा परिवारका सुनौलो भविष्यका लागि अथाह चाहनाहरू कुल्चिएर विदेशमा श्रम बेच्न बाध्य नेपाली दिदी बहिनी तथा दाजुभाइहरूको भविष्यको साँच्चै सुरक्षित छ त ?

आफ्नै देशमा कुल्ली गरेर बिहान बेलुका परिवारसँग मिठो मसिनो खाने आफ्नै परिवारमा रमाउन सक्ने वातावरण बनाउने कसले हो ? व्यक्ति सबल हुन चाहन्छ, सक्षम र आत्मनिर्भर हुन चाहन्छ जसका कारण ऊ अनेक उपायको खोजीमा भौतारिदै विदेश सम्म पुग्दछ । प्रत्येक नागरिकलाई एकत्रित गरी सुव्यबस्थित र सुसंस्कृत बनाउने जिम्मा राज्यकै हो । अभिभावक बिनाको सन्तान टुहुरो बन्छ र असल नेता बिनाको नागरिकहरू पनि टुहुरो नै हुन्छ । हामी सक्षम र सबल अभिभावक चाहन्छौं जसले हामीलाई आफ्नै घरभित्र, परिवारभित्र रमाउने वातावरण बनाओस । जतिसुकै सुसम्पन्न र सुविधाजनक देशमा गए पनि आफ्नै देशको आफ्नै माटोको मायाले छटपटाइरहेका छन । लाखौं युवा शक्तिहरू बिदेशमा जो आफ्नै पसिनालाई माटोमा मुछेर आफ्नै देशको स्वाधिनतामा रमाउन चाहन्छन । यस्ता उर्बर जनशक्तिलाई राज्यले उचित व्यबस्थापन गर्न सकेन भने देश अबको एक सय वर्ष पछि धकलिने छ । देशलाई कायापलट बनाउँछु भन्नेहरू शासन सत्ता र पहुँचमा पुगेपछि अल्मलिने परिपाटीको अन्त्य नभएसम्म बिकसित नेपालको परिकल्पना गर्न सकिदैन । भ्रस्टाचारी, घुसखोरी, माफिया, दलाल, नातावाद, कृपावाद, दलीय दम्भ र राजनीतिक प्रतिशोधजस्ता कुराहरूले राज्यका महत्वपूर्ण अंगहरू व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकाभित्र व्यापक विकृति ल्याएको छ जसका कारण लाखौं युवाहरू आफू बच्न र परिवार बचाउन विदेशिनु नियति बनेको छ ।

नेपालीहरू विदेश जानका लागि प्रतिस्पर्धा गरिरहेका छन् आफ्नै देशमा दलालमार्फत ठगिने धन्दा फस्टाइ रहेको छ । राज्यले दिने उचित जनचेतना र ठिक बैदेशिक नीति नभएको कारण वैदेशिक रोजगारको क्रममा मानव तस्करको चंगुलमा दिनानुदिन नेपालहरू फसिरहेका छन । मानव तस्कर, बेचबिखन र ओसारपसारको अखडा वृद्धि भैरहेको छ जसका कारण ठगिने पीडित नेपालीहरू स्वदेशमै र विदेशमा कस्टप्रद जीवन बितिरहेका छन् । च्याउजस्तै उम्रिरहेका म्यानपावरहरूले खुलेआम नेपालीलाई फसाइरहेका छन् । राज्यले अप्रत्यक्ष रुपमा दलालहरूलाई नागरिक सुम्पिएका छन् । विदेशमा दलालहरूमार्फत ट्रफिकिंग गरेर गएका नेपालीको अवस्था झन भयावह छ । अवैधानक तरिकाले विदेश जाने र त्यहाँ फस्ने नेपालीहरूको स्थिति हेर्दा कहालीलाग्दो छ । यसै कुरालाई मध्यनजर गरेर सरकारले वैदेशिक रोजगारको नीतिलाई प्रभावकारी र बलियो बनाउनु जरुरी छ । सवल सक्षम आर्थिक स्थिति भएको देशले आफ्नो नागरिकलाई वैदेशिक रोजगारमा पठाउँदैन । जनताप्रतिको उत्तरदायित्व र देशप्रतिको जिम्मा लिने भनेको मूलत शासन सत्ताको बागडोर समाल्नेहरूले नै हो नयाँ खोज आविष्कार उद्योगमा यान्त्रीकिकरणका कारण विकसित देशले अर्थ व्यवस्थालाई दिनानुदिन बढाउँदै लगेको स्थितिमा हाम्रो जस्तो गरिब राष्ट्रहरूलाई उपयोग गरिरहेको छ । राष्ट्र-राष्ट्रबीचको प्रतिस्पर्धा हुनुपर्दछ । विचारको प्रतिस्पर्धा हुनुपर्दछ । विधि प्रविधि र विकासमा प्रतिस्पर्धा हुनुपर्दछ । सस्तो वैदेशिक श्रम शक्तिलाई उपयोग गर्न सक्ने हैसियतसहितको vision लिएर अगाडि बढ्नुपर्दछ राज्य ।

आज विश्व एउटै भूगोल भइरहेको अवस्थामा वैदेशिक आवागमन र चलखेललाई सुव्यवस्थित गर्नु आवश्यक छ । यदि युवाहरूलाई वैदेशिक रोजगारमा पठाउनै पर्दछ भने अन्तर्राष्ट्रिय श्रम संगठनको नियम अन्तर्गत रहर र बढीभन्दा बढी सीप सिकाएर, श्रम स्वीकृति लिएर, तालिम दिएर, प्रशिक्षित गराएर र जि टु जि प्रणालीबाट व्यवस्थित रुपमा वैदेशिक रोजगारमा जाने हो भने विदेशमा नेपालीले दुःख कष्ट र शोषण भोग्नुपर्दैन । अहिले सयभन्दा बढी देशहरूमा चालिस लाखभन्दा बढी नेपालीहरू वैदेशिक रोजगारका निम्ति गएका छन् । तसर्थ नेपालले वैदेशिक नीति, परराष्ट्र नीति र प्रतिरक्षा नीतिलाई प्रभावकारी, स्पष्ट र बलियो बनाउन जरुरी छ । नेपाली श्रम शक्तिलाई अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी बनाउन सक्यो भने मात्र वैदेशिक रोगजारमा सरकारले सार्थकता र युवाले सुखको अनुभूति गर्न सक्नेछन् ।

## चन्द्रमामा...

गरिएको यो यान चिनियाँ अन्तरिक्ष कार्यक्रमको एउटा महत्वाकांक्षी परियोजना हो । हैनान अन्तरिक्ष केन्द्रबाट सन् २००३ मा पहिलोपटक एक चिनियाँ अन्तरिक्ष यात्री लिएको यान अन्तरिक्षमा पठाइएको थियो । चीनले हाल मंगलग्रहको खोज र अनुसन्धानका लागि पनि यान प्रक्षेपण गरिसकेको छ । चीनले चाँडै मानवरहित यान चन्द्रमामा उतार्ने योजना बनाएको छ । यसपटक चन्द्रमामा पुगेको यान दुई दिनसम्म चन्द्रमाको सतहमा रहनेछ र त्यहाँबाट दुई किलोग्राम ढुंगा र अन्य पदार्थ संकलन गर्नेछ । यो यान यही डिसेम्बर महिनाको मध्यतिर उत्तरी चीनमा अवतरण गर्नेछ । यदि यो उडान सफल भएमा सन् १९७० को दशकपछि पहिलोपटक पृथ्वीमा चन्द्रमाको सहतबाट नयाँ नमुना प्राप्त हुनेछ । यी नमुनालाई अनुसन्धानका लागि अन्य देशका वैज्ञानिकलाई पनि उपलब्ध गराइने चीनले जनाएको छ ।

यसैबीच, अमेरिकी र रुसी अन्तरिक्ष कार्यक्रमका अधिकारीहरूले चिनियाँ सफलताका लागि बधाई दिएका छन् । अमेरिकी अन्तरिक्ष संस्था (नासा) का वैज्ञानिक अभियान प्रमुख टमस जर्बुचेनले ट्विटरमा चांगे ५ अभियानको सफलताका लागि चीनलाई बधाई दिएका छन् । उनले लेखेका छन्, 'यो त्यति सजिलो काम होइन ।'

पृथ्वीमा यसअघि अन्तिमपटक सोभियत रुसको अन्तरिक्ष अभियानबाट सन् १९७६ मा चन्द्रमाबाट ढुंगा ल्याइएको थियो । संयुक्त राज्य अमेरिकाका अन्तरिक्ष यात्रीले सन् १९६९ र १९७२ को अवधिमा ३८२ किलोग्राम ढुंगा चन्द्रमाबाट पृथ्वीमा ल्याएका थिए । ती ढुंगाको अध्ययन र विश्लेषण आजपर्यन्त जारी छ ।

## सगरमाथाको...

संयुक्त रूपमा सार्वजनिक गरेका हुन् । नेपाल सरकारले पहिलोपटक आफ्नै स्रोत, साधन र प्राविधिक टोलीबाट सगरमाथाको उचाइ मापन गरेको हो ।

२०७२ सालमा गएको भूकम्पपछि सगरमाथाको उचाइ घटबढ भएको हुन सक्ने विषयमा अन्तर्राष्ट्रिय बहस सुरु भएपछि नेपाल सरकारले आफ्नै स्रोत र साधनमा सगरमाथाको उचाइ नापेको हो । नापी विभागका प्रवक्ता दामोदार ढकालले सगरमाथाको उचाइ मापन कार्यका लागि १३ करोड रुपैयाँ खर्च भएको जानकारी दिए । उनले १३ करोड खर्चेर करिब दुई वर्षको समयावधिमा सगरमाथाको मापन कार्य सम्पन्न गरेको बताए ।

विभागका अनुसार सगरमाथा मापन टोलीले ग्लोबल न्याभिकेसन स्याटलाइट सिस्टम (जीएनएसएस) प्रविधिबाट सगरमाथा मापन गरेको हो । यस प्रविधिलाई सबैभन्दा अत्याधुनिक प्रविधि मानिन्छ । सगरमाथा नेपाल र चीनको सीमामा पर्छ । सगरमाथाको टुप्पो भने नेपालमा पर्छ । सगरमाथाको दक्षिणमा नेपाल छ भने उत्तरमा चीन । त्यसैले पनि सगरमाथाको उचाइ घोषणामा चीनलाई सहभागी गराइएको मन्त्री ज्ञवालीले बताए ।

## स्थिर सरकार...

आफ्नो पक्षमा पार्न पार्टी एकता गरेका थिए । एकताको गुढ कुरा थियो सरकारको नेतृत्व आधा आधा समय गर्ने । अस्थिर सरकारले दिक्क भएका जनताले स्थिर सरकारको चाहना राख्दै नेकपालाई भारी बहुमत दिए । संघीय संसददेखि प्रदेश र स्थानीय तहमा नेकपा नेतृत्वके वर्चस्व छ । 'समृद्ध नेपाल सुखी नेपाली' को कर्णप्रिय नारा दिएको ओली नेतृत्वको नेकपाको एकमना सरकार आन्तरिक द्वन्द्वमा रुमल्लिएका कारण देशको समग्र अवस्था तहसनहस भएको छ । जनजीविकाका सवालमा सरकारले कुनै कार्यक्रम ल्याउन सकेको छैन । स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता क्षेत्रहरूमा समेत माफियाकरण भएको छ । दलाल पुँजीवादको चंगुलमा सरकार फसेको छ । बिचौलियाहरूले बजार कब्जा गरेका छन् । दैनिक उपभोग्य वस्तुहरू खाद्यान्न, दलहन, तेलहनको बजार भाउ अकासिएको छ । कोरोनाले रोजगारी गुमाएका, व्यापार व्यवसाय बन्द भएर बिहान बेलुकाको छाक टार्न नसकिरहेका सर्वसाधारणहरू कथित कम्युनिस्ट सरकारप्रति विक्षिप्त छन् ।

पार्टीभित्रको द्वन्द्वले नेपालका प्रायशः सरकारहरू अस्थिरताबाट गुज्रिएको राजनीतिक इतिहास छ । २००८ सालमा मातृकाप्रसाद कोइराला पहिलोपटक जनताको छोरोको रुपमा प्रधानमन्त्री भए । तर नेपाली कांग्रेसभित्र चलेको मातृका-बीपीको द्वन्द्वले मातृका सरकारको छोटो समयमै पतन भयो । ०१५ सालको प्रथम संसदीय आमनिर्वाचनमा नेपाली कांग्रेसलाई जनतालाई दुईतिहाई बहुमत दिए । प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका बीपी कोइरालाले सुधारका गोरेटाहरू के खन्न मात्र थालेका थिए राजा महेन्द्रले ०१७ पुस १ गते तत्कालीन संविधानको धारा ५५ लाई टेकेर सैनिक कु गरे । २०४५ सालसम्म एकदलीय पञ्चायती कुव्यवस्थाको नेतृत्व दरबारले गर्‍यो । यो कालखण्डमा थुप्रै सरकारहरू बने । कुनै पनि सरकारले पूरा कार्यकाल काम गर्न पाएनन् । राजइच्छामा चल्ने सरकारको कुनै आयु नहुनु स्वाभाविक थियो । ०४८ सालको संसदीय निर्वाचनमा नेपाली कांग्रेसले बहुमत पायो । गिरिजा कोइराला प्रधानमन्त्री भए । तर कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहसँग द्वन्द्व चल्यो । गिरिजाले देशलाई मध्यावधिमा होमिदिए । ०५१ मा मनमोहन नेतृत्वको अल्पमतको एमाले सरकारलाई तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको प्रयोग गर्दै ९ महिनामै ढाल्न कांग्रेस सफल भयो । ०५६ को निर्वाचनमा कांग्रेसले बहुमत ल्यायो कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भए । भट्टराईलाई गिरिजाले राजीनामा दिन बाध्य बनाए । गिरिजा र शेरबहादुर देउवाबीचको द्वन्द्वले कांग्रेस सरकार पूरा चल्नै पाएन । देउवा सरकारलाई गिरिजाले मिल्काउन खोजे कांग्रेस पार्टी नै फुट्यो ।

देउवाले अन्ततः ०५९ मा किस्तीमा हालेर लोकतन्त्र दरबारलाई बुझाए । राजा ज्ञानेन्द्रको हुकुमी शासनविरुद्ध ०६२।६३ मा जनआन्दोलन भयो । दोस्रो संविधान सभाको पहिलो बैठक (२०६४ जेठ १५) ले देशलाई गणतन्त्रात्मक घोषणा गर्‍यो । गणतन्त्र आएको यतिका वर्षपछि अहिले राजतन्त्रको पक्षमा देशव्यापी नारा जुलुस हुन थालेका छन् । राजनीतिक दलहरूको सातो उड्दैछ । स्थिर सरकार अस्थिर राजनीतिले देशको राजनीतिले कोल्टे फेर्न सक्ने अनुमान गर्न थालिएको छ ।

## लागूपदार्थ...

गरेका थिए, जसमा ४६ जना सांसदले समर्थन जनाएका थिए । मुलुकलाई आर्थिक रुपमा सम्पन्न गराउन, प्राकृतिक उपचारका लागि औषधि उत्पादन गर्न, किसानको जीवनस्तर उकास्न र विदेशी मुद्रा आर्जन गर्न गाँजामाथिको प्रतिबन्ध फुकुवा गर्नुपर्ने सांसदहरूको माग थियो । सन् १९७० को दशकमा भाङ तथा गाँजामाथि प्रतिबन्ध लगाउन नेतृत्व गरेका अमेरिका, क्यानडा, जर्मनी लगायतका देशले गाँजामाथिको प्रतिबन्ध फुकुवा गरिसकेको प्रस्तावमा उल्लेख छ ।

लागूऔषध नियन्त्रण ऐनले गाँजा उत्पादन सेवन र किनबेचमा प्रतिबन्ध लगाएको छ । लागूऔषध नियन्त्रण ऐन २०३३ दफा ४ (क) ले गाँजाको खेती गर्न, उत्पादन गर्न, तयारी गर्न, खरिद र बिक्री वितरण गर्न निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्न पाउने छैन भन्ने व्यवस्था गरेको छ । संसदमा गाँजामाथिको प्रतिबन्ध हटाइनुपर्छ भनेर ल्याइएको प्रस्तावमा नेपालको भूबनोट गाँजा उत्पादनका लागि उर्वरभूमि भएकाले यसको वैधानिक उत्पादन बिक्री वितरणबाट मुलुकले धेरै विदेशी मुद्रा आर्जन गर्न सक्ने सांसदहरूको तर्क थियो । अमेरिका, क्यानडा, जर्मनीलगायत ६५ भन्दा बढी देशले सरकारी निगरानी र नियमतमा रहने गरी आआफ्ना देशका किसानको आम्दानी वृद्धिका लागि खुला गरिसकेको प्रस्तावमा उल्लेख थियो । प्रस्तावमा भनिएको थियो- नेपालको भूभाग प्राकृतिक रुपमै गाँजा खेतीका लागि अब्बल भएको हुँदा विश्वका अन्य देशले जस्तै किसानको जीवनस्तर उकास्न तथा विदेशी मुद्रा आर्जन समेतका लागि ध्यानमा राखी कानुन परिमार्जन गरी सरकारको निगरानी र नियन्त्रणमा तोकिएको क्षेत्रमा वैधानिकता दिन ढिलो भइरहेकाले यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव गर्दछौं ।'

१९७० को पूर्वार्द्धसम्म नेपालमा गाँजा खेती र व्यापार वैधानिक थियो । नेपालबाट ठूलो परिमाणमा गाँजा र चरेश निर्यात हुन्थ्यो । त्यसमा साना व्यापारी मात्र होइन गन्यमान्य र ठूला व्यापारीको पनि संलग्नता थियो । सन् १९६० र ७० को दशकमा नेपालमा फैलिएको हिप्पी संस्कृतिलाई धेरैले नेपालको सौन्दर्यबाहेक गाँजाको सहज उपलब्धतासँग जोडेर हेर्ने गरेका छन् । हिन्दी चलचित्र 'हरे राम हरे कृष्ण' को कथावस्तु पनि यस्तै छ । अर्थोपार्जनका लागि सहयोगी हुने नगदेबालीका रुपमा विकास भएमा विकट भेगमा चरम गरिबीमा रहेका तामाङ, चेपाङ, मगरजस्ता समुदायको जीवनस्तर उकास्न सघाउने बताइन्छ ।

संयुक्त राष्ट्रसंघले सन् १९६१ मा पारित गरेको 'द सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स १९६१' मा गाँजालाई पनि अफिमजस्तै कडा खालको लागू औषध मान्दै प्रतिबन्ध लगाउनुपर्ने प्रावधान राख्यो । नेपालले सो अभिसन्धिमा हस्ताक्षर गरेपछि सन् १९७६ मा लागूऔषध नियन्त्रणसम्बन्धी कानुन बनाएको हो । त्यसमा गाँजाको खेती, भण्डारण, सेवन र बिक्री वितरणलाई अवैधानिक र दण्डनीय अपराध मानियो । पाँच संशोधन भइसकेको सो ऐनले २५ बोट गाँजाखेती गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना तोकेको छ । सोभन्दा बढी खेती गर्नेलाई तीन वर्षसम्म कैद र ५ हजार रुपैयाँ जरिवाना हुन सक्छ । उक्त ऐनअनुसार ५० ग्रामसम्म गाँजा राखे तीन महिनासम्म कैद र तीन हजार रुपैयाँ जरिवाना हुन सक्छ । तर त्यसले गाँजा खेती र तस्करी रोक्न सकेको छैन ।

नेपालको माटो यति गाँजामैत्री छ कि हरेक वर्ष गाँजा नष्ट गरे पनि अर्को वर्ष आफैं उम्रिन्छ । तराईदेखि पहाडसम्म सबैतिर गाँजाका लागि उर्वर वातावरण छ । प्रायः खेत बाँझो रहने मौसममा गाँजा उम्रन्छ । हिन्दु धर्मग्रन्थ वेदमा यसले स्वतन्त्रता, खुसी र एकाग्रता दिने उल्लेख छ । अथर्व वेदका अनुसार पाँच आधारभूत वनस्पतिमा गाँजा पर्छ । विभिन्न रोग लाग्दा मानिस र पशुपक्षीलाई गाँजाको पात, फूल र फल -दाना) खुवाउने चलन पनि छ । फल (भाङ) त्यसै वा अचार बनाएर खान अत्यन्त स्वादिलो र स्वास्थ्यबर्द्धक मानिन्छ ।

## पारवहन...

बाधवनले नेतृत्व गरेका थिए । वार्तामा नेपाल र भारतबीच वाणिज्य क्षेत्रमा भएका सन्धि सम्झौताहरू नेपाल-भारत पारवहन सन्धि, नेपाल-भारत वाणिज्य सन्धि, रेल सेवा सम्झौता र अनधिकृत व्यापार नियन्त्रण सम्झौतालगायतका विषयमा छलफल भएको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयकी सहायक प्रवक्ता उर्मिला केसीले वार्तामा लगानी प्रवर्द्धन, सीमा भन्सार पूर्वाधारहरूको स्तरोन्नति, नेपाल-भारत संयुक्त व्यवसायीका मञ्च निर्माण, वस्तुको गुणस्तर र मापदण्ड, वस्तु व्यापारमा रहेका समस्यामा समेत छलफल भएको उनले बताइन् ।

प्रवक्ता केसीका अनुसार व्यापार प्रवर्द्धनका लागि सीमा भन्सारमा रहेको पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्ने विषयमा विगतका द्विपक्षीय वार्ताझैं यस वार्तामा समेत दुवै पक्ष सहमत भएको छ । जसमा भारत पक्षले नेपालगन्ज एकीकृत जाँच चौकीको निर्माण कार्य सुरु भइसकेको तथा भैरहवा एकीकृत जाँच चौकीको निर्माण शीघ्र सुरु गर्ने तयारीमा रहेको नेपाल पक्षलाई जानकारी गराएको थियो । नेपालले वीरगन्ज एकीकृत जाँच चौकी तथा विराटनगर एकीकृत जाँच चौकीमा रेल्वे लाइन विस्तार तथा स्तरोन्नतिका लागि अनुरोध गरेको थियो । भारतीय पक्षले सो सम्बन्धित सरोकारवालासँग छलफल अगाडि बढाउने जानकारी गराएको छ ।

प्रवक्ता केसीले नेपाल पक्षले दोधारा-चाँदनीमा निर्माण गर्न प्रस्ताव गरेको सुक्खा बन्दरगाहसँग सामन्जस्यता हुने गरी दोधारा-चाँदनीरबनबासामा एकीकृत जाँच चौकी निर्माण र सो स्थानसम्म रेल सेवा विस्तारका लागि अनुरोध गरेको र त्यसलाई भारतीय पक्षले सकारात्मक रूपमा लिएको उनले बताइन् । साथै क्रस बोर्डर इकोनोमिक जोन निर्माणको सम्भावनाका लागि विस्तृत अवधारणा तयार गरी थप छलफल गर्ने र यसका लागि नेपाल पक्षले अवधारण पत्र तयार गर्ने सहमतिसमेत भएको उनले बताइन् ।

उनले नेपालले हाल बंगलादेशसँगको व्यापारका लागि फूलबारी बंगलाबन्ध मार्गको प्रयोग गर्दै आएको र सो मार्गमा हुने ट्राफिक समस्या समाधान गर्न भारतको एसियन हाइवे-२ प्रयोग गर्न पाउने व्यवस्थाका लागि भारतीय पक्षलाई अनुरोध गरेको बताइन् । यसमा भारतीय पक्षले सम्बन्धित निकायसँग छलफल गरी नेपाललाई जानकारी गराउने भएको छ ।

## भारतीयहरूको...

निर्माण गर्न लागिएको कल्भर्ट दशगजा क्षेत्रमा पर्ने भन्दै भारतीय पक्षले अवरोध गरेको ठेकेदार कम्पनी कन्टेक प्रालिका प्रतिनिधि दीपक थापाले बताए । तर, यसअघि सडक विस्तारको क्रममा भारतीय पक्षसँग सहकार्य गरेर अगाडी बढाएको भएपनि अहिले आएर अवरोध गरेको थापाले बताए ।

भारतीय पक्षले काममा अवरोध गरेपछि प्रमुख जिल्ला अधिकारी सागरमणी पाठकसहित जिल्लाका सुरक्षा प्रमुखको टोलीले स्थलगत निरीक्षण गरेको छ ।

भारतीय सिमावर्ती कठहवादेखि उत्तरतर्फ १० किलोमिटर सडक निर्माण भइरहेको छ । २२ करोडमा ठेक्का पाएको ठेकेदार कम्पनीले सातवटा कल्भर्टसहित १० किलोमिटर सडक निर्माणको काम भारतीय सीमा नजिकैबाट सुरु गरेको छ ।

## के गर्छ...

नियामक प्रक्रियाको बारेमा अपनाउने कार्यप्रति ठूलो भरोसा छ । यसअघि ब्रिटेनले फाइजर बायोरनटेक कोडिभ विरुद्धको भ्याक्सिन प्रयोगका लागि स्वीकृति दिएको थियो र प्रयोगको सुरुवात समेत भइसकेको छ । अर्को सातादेखि ब्रिटेनले फाइजर प्रयोगलाई व्यापकता दिँदैछ । फाइजर प्रयोग गर्न अनुमति दिने ब्रिटेन विश्वकै पहिलो देश बनेको छ । ब्रिटिस नियामक संस्था एमएचआरएका अनुसार ९५ प्रतिशतसम्म सुरक्षा प्रदान गर्ने सो खोप लगाउन सुरु भइसकेको छ ।

कोभिड विरुद्धको भ्याक्सिन फाइजरले सम्पूर्ण रुपमा प्रयोगात्मक प्रक्रिया अपनाएको छ जुन प्रक्रियामा मानव शरीरको रोग प्रतिरोधी क्षमतालाई कोरोना भाइरस विरुद्ध लड्न अभ्यस्त तुल्याउने छ । उक्त खोपले शरीरलाई कोरोना भाइरससँग लड्न उक्त भाइरस विरोधी एन्डीबडी निर्माण गर्न र टिसेल भनिने शरीरको रोग प्रतिरोधी क्षमताको अर्को भाग तयार पार्न अभ्यस्त तुल्याउने देखिएको छ । ६ करोड ८० लाख ३५ हजार ७९३ जनसंख्या भएको ब्रिटेनमा चार करोड ४० लाख ५९ हजार ८५१ ज्नाको परीक्षण गर्दा १७ लाख ५ हजार ९७१ भन्दा बढी संक्रमित देखिएका छन् । ब्रिटेनमा ६१ हजार १४ जना बढीको कोरोना संक्रमणका कारण ज्यान गइसकेको छ ।

खोप सर्वाधिक जोखिम हुने मानिसबाट सुरु गरिएको छ । ब्रिटेनले सो खोपको चार करोड मात्रा किनिसकेको छ । जुन दुई करोड मानिसलाई पर्याप्त हुनेछ । तीमध्ये १ करोड मात्रा तुरुन्त उपलब्ध हुने आठ लाख मात्रा केही दिनमा आइपग्ने बताइएको छ । खोपको इतिहासमा यो सबैभन्दा छिटो स्वीकृति पाउने खोप बनेको छ । दश महिनाको अवधिमा यो खोप योजनाबाट अनुमतिसम्म आइपुगेको हो । कतिपय खोपका लागि यस्तो अवधि एक दशकभन्दा लामो भएका थिए । ब्रिटेनका स्वास्थ्यमन्त्री म्याट ह्यान्ककले सहयोग आउँदैछ भनेर ट्विट गरेका छन् । एनएचएसका प्रमुख कार्यकारी सर साइमन स्टेमेन्सले ब्रिटेनको स्वास्थ्य सेवाले देशको इतिहासमै सबभन्दा बृहत खोप कार्यक्रमको तयारी गरिरहेको बताएका छन् । खोप कार्यक्रमका लागि लगभग ५० अस्पताल तयारी अवस्थामा राखिएको अन्य खोप केन्द्रहरू तयार गर्न थालिएको छ । विज्ञहरूले खोप सुरु भएपछि पनि मानिसहरू सतर्क हुनुपर्ने र स्वास्थ्य सावधानी अपनाउनुपर्ने बताएका छन् ।

कोभिड विरुद्धको भ्याक्सिन फाइजरले सम्पूर्ण रुपमा प्रयोगात्मक प्रक्रिया अपनाएको छ । जुन मानव शरीरको रोग प्रतिरोधी क्षमतालाई कोरोना भाइरस विरुद्ध लड्न अभ्यस्त तुल्याउन उक्त भाइरसको जेनेटिक कोडको एक भागलाई सुइमार्फत शरीरमा प्रवेश गराउने विधि संलग्न छ । पहिलेका परीक्षणले उक्त खोपले शरीरलाई कोरोना भाइरससँग लड्न उक्त भाइरस विरोधी एन्टिबडी निर्माण गर्न र टि सेल भनिने शरीरको रोग प्रतिरोधी क्षमताको अर्को भाग तयार पार्न अभ्यस्त तुल्याउने देखाएका थिए । तीन हप्ताको अन्तरालमा उक्त खोपको दुई मात्रा आवश्यक पर्छ ।

अमेरिका, ब्राजिल, जर्मनी, अर्जेन्टिना, दक्षिण अफ्रिका र टर्कीमा उक्त खोपको दोस्रो मात्रा दिइएको सात दिनपछि खोप दिइएकामध्ये ९० प्रतिशतलाई कोरोना भाइरस संक्रमणबाट सुरक्षा प्राप्त भएको देखिएको थियो । औषधि निर्माण कम्पनी फाइजरको विश्वासमा उसले यो वर्षको अन्त्यसम्ममा ५ करोड मात्रा खोप आपूर्ति गर्न सक्नेछ । सन् २०२१ को अन्त्यसम्ममा उक्त कम्पनीले एक अर्ब तीस करोड मात्रा आपूर्ति गर्न सक्ने सो कम्पनीले बताएको छ ।

*(बीबीसीको सहयोगमा)*

## बिष्टले जितिन् स्वर्ण

काठमाडौं । नेपाली टेनिस खेलाडी अभिलाषा विष्टले आईटीएफ इस्लामाबाद जुनियर्स यु-१८ प्रतियोगिताको सर्किट १ मा शनिबार स्वर्ण जितेकी छन् । गर्ल्स डबल्स फाइनलमा अभिलाषाले रसियाकी एरिना भालिटिभासंग मिलेर रसियाकी एकातेरिना सुभोरोभ र पाकिस्तानकी जोहा असिमलाई पराजित गर्दै स्वर्ण आत पारेकी हुन् ।

गर्ल्स सिंगल्समा भने अभिलाषा दोस्रो भएको नेपाल टेनिस संघका सदस्य अजय विष्टले जानकारी गराए । फाइनलमा रसियाकी एरिनाले अभिलाषालाई हराइन् । पाकिस्तानमा भइरहेको प्रतियोगिताको ब्वाइज डबल्समा नेपालका आरभसम्राट हाडा र अकी जुवेन रावत दोस्रो भए ।